# जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना

## २०६७-२०८७

# Population Perspective Plan

## 2010-2031

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
नेपाल

२०६७

# जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना

## २०६७-२०८७

# Population Perspective Plan

## 2010-2031

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं

नेपाल

**२०६७**

# भूमिका

विकासका लागि अत्यावश्यक स्रोतहरू मध्ये महत्वपूर्ण स्रोतको रुपमा रहेको जनशक्तिको उचित परिचालन र व्यवस्थापनबाट मात्र देशको सामाजिक, आर्थिक र सांस्कृतिक विकास सम्भव छ । नेपालको हालको जनसङ्ख्याको बनोट र संरचना विश्लेषण गर्दा युवा जनसङ्ख्याको वाहुल्य रहेको देखिन्छ । यो अवस्था विकासका लागि खालि चुनौती र समस्या मात्र नभएर उचित परिचालन र व्यवस्थापन गर्न सकेमा देश विकासकालागि अवसर र महत्वपूर्ण स्रोत पनि बन्दछ । जनसङ्ख्याका विविध पक्षहरुलाई देशको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक विकासका पक्षहरुसंग एकीकृतगरी यसको उचित व्यवस्थापन गर्नका लागि जनसङ्ख्या सम्वन्धी दीर्घकालीन सोच र योजनाको आवश्यकता पर्दछ । यस तथ्यलाई सन् १९९४ मा कायरोमा सम्पन्न "जनसङ्ख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलन" ले जोड दिई सवै सम्बद्ध राष्ट्रहरुलाई जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तर्जुमा गर्न मार्गदर्शन गरेको थियो ।

यसका अतिरिक्त नवौं र दसौं योजना अवधिमा अन्तर्राष्ट्रिय स्तरमा सम्पन्न भएका विभिन्न महत्वपूर्ण सम्मेलनहरु (सन् १९९५ मा वेजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलन, सन् १९९६ मा कोपनहेगनमा सम्पन्न एसिया तथा प्रशान्त क्षेत्रका देशहरुको जनसङ्ख्या सम्वन्धी सम्मेलन, सन् २००० मा न्यूयोर्कमा सम्पन्न सहस्राव्दी विकास सम्मेलन र सन् २००२ मा बैंककमा सम्पन्न एसिया तथा प्रशान्त क्षेत्रका राष्ट्रहरुको जनसङ्ख्या सम्वन्धी सम्मेलन) मा व्यक्त गरीएका प्रतिवद्धताहरूलाई कार्यान्वयनमा ल्याउन नेपाल पनि पक्ष राष्ट्र भएको नाताले जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तयार पार्नु अत्यावश्यक भयो । तद्नुरुप नेपालले नवौं योजना अवधि देखि नै यस क्षेत्रमा विशेष जोड दिंदै आएको छ । अर्कोतिर देशमा विद्यमान उच्च जनसङ्ख्या वृद्धि, अव्यवस्थित जनसङ्ख्यासराई, द्रूत गतिमा भैरहेको शहरीकरण, न्यून आर्थिक वृद्धिदर, गरीवी, जनसङ्ख्या को असमान वितरण, घट्दो तर उच्च मातृ तथा शिशु मृत्युदर र वदलिँदो राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थालाई जनसङ्ख्या र विकासमा सामन्जस्यल्याई समयसापेक्ष गराउनका लागि पनि जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तयार गरिनु नितान्त जरुरी हुन गयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशहरुलाई समेत मध्यनजर गरी नवौं पञ्च वर्षिय योजना (२०५४-२०५९) मा जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तर्जुमा गर्ने कार्यक्रम समावेश भएकोले सम्माननीय प्रधानमन्त्री अध्यक्ष रहेको राष्ट्रिय जनसङ्ख्या समितिको मिति २०५५।५।९ को वैठकले जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तर्जुमा गर्न निर्देशित गरे वमोजिम अवधारणापत्र तयार पारी UNFPA को सहयोगमा विस्तृत दस्तावेज तयार गर्ने जिम्मा न्यू एरा नामक संस्थालाई दिइएको थियो । जसको नेतृत्व न्यू एराको तर्फवाट स्वर्गिय डा. हर्क गुरुङ्गले गर्नु भएको थियो । सो संस्थाबाट तयार पारिएको जनसङ्ख्या सम्वन्धी योजनाको प्रारुपले मूर्तरुप पाउन बाँकी रहेको अवस्थामा दसौं पञ्चवर्षिय योजनामा पूनः यस कार्यलाई विशेष प्राथमिकतामा राखियो । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाको विस्तृत मस्यौदा दस्तावेजलाई समय सापेक्ष र सान्दर्भिक गराउने उद्देश्यले राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण सन् २००६ वाट प्राप्त तथ्यहरुलाई समेत समावेश गरी विज्ञहरुवाट परिमार्जन गराउने कार्य सम्पन्न गरियो । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाको विस्तृत मस्यौदा सम्वन्धित साझेदार निकाय, संघसंस्थाहरु तथा सरोकारवालाहरुको वीचमा विभिन्न चरणमा छलफल गरी अन्तिम रुप दिइयो । यसरी तयार भएको दस्तावेजको संक्षेपिकरण गरी म.प.मा पेश गरिएकोमा "जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना २०६७-२०८७ (सन्२०१०-२०३१)" को रुपमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६७५।३१ को वैठकवाट स्वीकृत भएको छ । नेपाल सरकारवाट

स्वीकृती भएको यस जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना विश्व जनसङ्ख्या दिवस (११ जुलाई २०११) कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूवाट सार्वजनिकीकरण गरिएको थियो ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले जनसङ्ख्या र विकास सम्वन्धी सन् १९९४ मा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनले निर्दिष्ट गरेका दीर्घकालीन लक्ष्य, सहस्राव्दी विकास लक्ष्यका प्रतिवद्धताहरुलाई आत्मासात गर्नुका साथै अन्य समयसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका प्रतिवद्धताहरुलाई समेत ध्यानमा राखी जनसङ्ख्याका मुद्दाहरुलाई विकासका हरेक क्षेत्रमा एकीकृत गर्दै जनसङ्ख्या परिचालन र व्यवस्थापनलाई सहज र समय सापेक्ष बनाउने ध्येय राखिएको छ । यस योजनाले जनसङ्ख्याको आकार र संरचनालाई नियमित गर्ने मात्र नभई जनसङ्ख्या लाई सीपयुक्त गराई वढी उत्पादनशील गराउने कुरामा पनि उत्तिकै जोड दिएको छ । हाल नेपालको प्रमुख समस्याको रुपमा रहेको गरीवीलाई न्यूनीकरण गरी गुणस्तरीय जीवनको प्रवर्धन गरी नेपालीहरुको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्दै उनीहरुको क्षमता र सीप विकास गरी उत्पादनशिल मानव विकासमा समेत जोड दिइएको छ । नेपालमा हाल विद्यमान रहेका सवै प्रकारका असमानता र विभेदहरुलाई न्यूनीकरण गर्दै समावेशी, समतामुलक र समन्यायिक समाज निर्माण गर्न सहयोग पुऱ्याउने उद्देश्य यस योजनाले राखेको छ ।

जनसङ्ख्या वहुपक्षीय, वहुआयामिक र सवैको साझा सरोकारको विषय भएकोले जनसङ्ख्या सम्वन्धी यस दीर्घकालीन योजनाले राखेका उद्देश्य तथा लक्ष्यहरु हासिल गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी स्पष्ट निर्धारण गरी क्षेत्रगत विस्तृत कार्ययोजना तयार पारिएको छ । सवै क्षेत्रको साझा प्रयास र आपसी सहयोगवाट मात्र यस योजनाले राखेको उद्देश्य तथा लक्ष्य प्राप्त हुन सक्ने भएकोले सवै क्षेत्रवाट प्रभावकारी कार्यान्वयनको पहल हुनेछ भन्ने विश्वास लिइएको छ । यस योजनाको तर्जुमाका क्रममा तयार भएको विस्तृत मस्यौदा दस्तावेज अग्रेजी भाषामा तयार भएको छ । उक्त दस्तावेज स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेभसाइट www.mohp.gov.np मा पनि उपलब्ध छ । नेपाल सरकारवाट स्वीकृती भएको जनसंङ्ख्या सम्वन्धी दीर्घकालीन योजनालाई यस पुस्तकको रुपमा प्रकाशन गरिएको छ । यो दोस्रो प्रकाशनमा प्रथम प्रकाशनमा हुन गएका भाषागत त्रुटीहरुलाई यथाशक्य शुद्ध गर्ने प्रयास गरिएको छ ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना तयार पार्ने क्रममा आर्थिक सहयोग गर्ने UNFPA, योजनाको विस्तृत मस्यौदा दस्तावेज तयारी गर्दा नेतृत्व प्रदान गरी महत्वपूर्ण योगदान पुऱ्याउनु भएका स्व.डा. हर्क गुरुङ्ग प्रति यो मन्त्रालय कृतज्ञ हुदै सदा स्मरण गरिरहनेछ । यो दीर्घकालीन योजना तर्जुमा क्रममा प्रारम्भ देखि हालको स्थितिमा आइपुग्दा सम्म विभिन्न चरणमा विभिन्न कोणवाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
जनसङ्ख्या महाशाखा
रामशाहपथ, काठमाडौं

आश्विन, २०६८

# विषय सूची


भाग : एक ........ १

१. जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको सन्दर्भ (Context of Population Perspective Plan) ........ २

२. जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको उद्देश्य (Objective of Population Perspective Plan) ........ ४

३. जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको क्षेत्र (Scope of Population Perspective Plan) ........ ४

भाग : दुई ........ ७

२.१ जनसाङ्ख्यिक विश्लेषण (Demographic Analysis) ........ ८

२.२ प्रजनन् स्वास्थ्य (Reproductive Health) ........ १०

२.३ गरिवी (Poverty) ........ १२

२.४ आर्थिक पक्ष (Economic Dimension) ........ १४

२.५ बसाइ सराइ तथा जनसङ्ख्याको भौगोलिक वितरण (Migration and Spatial Dimention) ........ १७

२.५.१ बसाइ सराइ (Migration) ........ १७

२.५.२ शहरिकरण (Urbanization) ........ १९

२.५.३ जनसङ्ख्या र वातावरण (Population and Evironment) ........ २०

२.६ लैङ्गिक मूलप्रवाहिकरण (Gender Mainstreaming) ........ २०

२.७ सामाजिक पक्ष (Social Dimension) ........ २२

२.८ बिकेन्द्रीकरण र संगठनात्मक पक्ष (Decentralization and Institutional Aspects) ........ २४

भाग : तीन ........ २७

३. जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको कार्ययोजना ........ २८

३.१ जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको कार्ययोजनाका उद्देश्यहरु (Objectives of the Plan of Action of PPP) ........ २८

३.२ कार्यक्रमको निर्धारित समय सीमा ........ २८

३.३ अनुमानहरु (Assumptions) ........ २८

भाग : चार ........ २९

२.२ प्रजनन् स्वास्थ्य ........ ३०

२.३ गरिवी ........ ४१

२.४ आर्थिक पक्ष ........ ४६

२.५ बसाइ सराइ तथा जनसङ्ख्याको भौगोलिक वितरण ........ ५२

२.६ लैङ्गिक मूलप्रवाहिकरण ........ ५६

२.७ सामाजिक क्षेत्र ........ ६०

२.८ बिकेन्द्रीकरण ........ ७१

२.९ संस्थागत संयन्त्र ........ ७३

# भाग : एक

## जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको सन्दर्भ, जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको उद्देश्य

## र

## जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको क्षेत्र

## १) जनसङ्ख्या  सम्बन्धी दीर्घकालीन योजनाको सन्दर्भ (Context of Population Perspective Plan)

विकासको लागि चाहिने स्रोतहरु मध्येको महत्वपूर्ण स्रोतको रुपमा रहेको जनसङ्ख्या बिकासको परिचालक तथा प्रयोगकर्ता दुबै हो । जनसङ्ख्या को संरचना, वनोट तथा परिचालनमा देशको आर्थिक, सामाजिक, साँस्कृतिक बिकासको आधार खडा हुन्छ । हाल नेपाल जनसङ्ख्या को वनोट तथा संरचनाको आधारमा चुनौती तथा अवसर दुबैको बीचमा छ । जनसङ्ख्या को उचित व्यवस्थापनले बिकासको अवसरमा उल्लेख्य सुधार गर्दछ भने सही व्यवस्थापनको अभावमा राष्ट्रलाई थप भार मात्र पर्न जान्छ । जनसङ्ख्या राष्ट्रको दायित्व मात्र नभई उत्पादनको लागि चाहिने अत्यावश्यक स्रोत पनि हो । जनसङ्ख्याभित्र विगत, वर्तमान र भविष्य हुन्छ । अनुभव तथा ज्ञानले निपूर्ण जेष्ठ नागरिक; सीप, क्षमता र दृढताले भरिपूर्ण उत्पादनशील युवाशक्ति र भावी राष्ट्रिय दायित्व निर्वाह गर्ने राष्ट्रको सम्पत्तीको रुपमा बालबालिकाहरुको उचित रेखदेख, परिचालन तथा व्यवस्थापनले नै बिकासको राष्ट्रिय लक्ष्य हासिल हुन सक्दछ ।

**जनसङ्ख्या  सम्बन्धी दीर्घकालीन योजना के हो ?**

- जनसङ्ख्याको बनावट, संरचना तथा वितरणलाई उपलब्ध स्रोतहरुसापेक्ष व्यवस्थित गर्ने मार्ग निर्देशक दस्तावेज हो ।
- विद्यमान जनसङ्ख्या नीतिहरुमा रहेका कमीकमजोरीहरुको विश्लेषण तथा उपयुक्त सुझावहरु समाविष्ट दस्तावेज हो ।
- आगामी आवधिक योजनाहरुलाई मार्ग निर्देश गर्ने तथा स्रोतहरुको उचित विनियोजनमा सहयोग पुऱ्याउने दस्तावेज हो ।
- जनसङ्ख्या का विविध पक्षहरुलाई राष्ट्रिय समाजिक, आर्थिक तथा राजनीतिक विकासका आयामहरुसंग एकीकृत गरी  जनसङ्ख्या व्यवस्थापनको उद्देश्य हालिस गर्ने दीर्घकालीन योजना हो ।

जनसाङ्ख्यिक हिसावले नेपाल संक्रमणको तेश्रो तहमा आइपुगेको छ । यो अवस्थामा मृत्युदर घटेर न्यून स्तरमा आएको हुन्छ र प्रजननदर तीव्र रुपमा घटिरहेको हुन्छ । यसले जनसङ्ख्या को आश्रित दर घटाइ उत्पादनशील उमेर समूहको जनसङ्ख्या को अनुपातमा वृद्धि हुन्छ । कुनै पनि राष्ट्रको जनसांख्यिक इतिहासमा एक पटक मात्र आउने यो अवस्थालाइ जनसांख्यिक लाभांश (Demographic Dividend) पनि भनिन्छ । यो अवसरको उचित उपयोग बाट नै समुन्नत राष्ट्रको बिकास हुन सक्छ । यस्तो अवस्थामा राष्ट्रले जनसङ्ख्या को उचित परिचालन र व्यवस्थापन गर्न नसके ठूलो अवसर गुम्न जान्छ । तसर्थ यस्तो दुर्लभ अवसरलाइ गुम्न नदिन नेपाल जस्तो संक्रमणको तेश्रो चरणमा रहेको मुलुकको लागि जनसङ्ख्या को दीर्घकालीन योजना अत्यावश्यक हुन्छ । यस प्रकार जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले बदलिदो जनसांख्यिक संरचना र यसले निम्त्याएका सामाजिक, आर्थिक, साँस्कृतिक आवश्यकताहरुको उचित सम्बोधन गरी सम्पूर्ण नेपालीहरुको जीवनस्तर सुधारका अतिरिक्त मानव संसाधनको उचित परिचालन गरी आर्थिक-सामाजिक बिकासलाई समयानुकूल अग्रगति प्रदान गर्ने दिशा निर्देश गर्दछ ।

जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको अवधारणा नवौ पञ्च वर्षिय योजना सन् (१९९७-२००२) वाट आएको हो । नवौ योजनामा प्रजननदरलाई प्रतिस्थापन तहसम्म पुऱ्याउने दीर्घकालीन लक्ष्य लिइएको थियो । उक्त योजनाले प्रजननदरलाई प्रतिस्थापन तहसम्म पुऱ्याउन सामाजिक आर्थिक बिकासका कार्यक्रमहरु संग जनसङ्ख्या का मुद्धाहरुलाई समावेश गर्नु पर्ने आवश्यकता औल्याएको थियो । नवौ योजनाको अवधारणालाई परिस्कृत र समयसापेक्ष परिमार्जन गर्दै दसौं योजना सन् (२००२-२००७) ले जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको आवश्यकतालाई थप मजबुत बनायो । उक्त योजनामा जनसङ्ख्या को दीर्घकालीन योजना बनाउने आवश्यकता महसुस गरी आवश्यक व्यवस्था गर्ने उल्लेख गरियो र सोही अनुरुप उक्त योजना अवधिमा जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजना निर्माणको आधारशीला खडा भई केही महत्वपूर्ण प्रारम्भिक कार्यहरु समेत भए । दसौं योजनामा गरीवी निवारण रणनीतिहरु अर्न्तगतका केही दीर्घकालीन नीतिहरुले पनि जनसङ्ख्या को दीर्घकालीन योजना निर्माणमा सहयोग पुऱ्यायो ।

जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजना निमार्ण गर्न सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा “जनसङ्ख्या र बिकास” सम्मेलनले महत्वपूर्ण मार्गनिर्देश गरेको छ । उक्त सम्मेलनले पारित गरेको कार्यनीतिले केहि महत्वपूर्ण दीर्घकालीन लक्षहरु निर्धारण गरेको छ । नेपाल पनि उक्त कार्यनीतिको पक्ष राष्ट्र भएकोले सोही अनुरुप योजना निमार्ण गर्न नवौ र दसौं योजनामा जोड दिइएको थियो ।

नवौ र दसौं योजना निमार्ण र कार्यान्वयनको समयमा अन्तर्राष्ट्रिय स्तरमा बिभिन्न महत्वपूर्ण सम्मेलनहरु सम्पन्न भए । सन् १९९५ मा बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलन, सन् १९९६ मा कोपनहेगनमा सम्पन्न एसिया तथा प्रशान्त क्षेत्रका देशहरुको जनसङ्ख्या  सम्वन्धी सम्मेलन, सन् २००० मा न्यूर्योकमा सम्पन्न सहस्राब्दी विकास सम्मेलन र सन् २००२ मा बैंककमा सम्पन्न एशिया तथा प्रशान्त क्षेत्र जनसङ्ख्या  तथा बिकास सम्मेलनको नेपाल पक्ष राष्ट्र भएकोले ती सम्मेलनमा व्यक्त प्रतिवद्धतालाई योजनामा रुपान्तरण गरी कार्यान्वयन गर्नलाई जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको आवश्यकता महशुस गरिएको हो । नेपालको बदलिदो परिवेशमा जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक विविधतायुक्त जनसङ्ख्या को उचित व्यवस्थापन, परिचालन तथा स्तरोन्नति हालको प्रमुख आवश्यकता भएको छ । उच्च जनसङ्ख्या  वृद्धिदर, अव्यवस्थित जनसङ्ख्यासराई र शहरीकरण, न्यून आर्थिक वृद्धिदर, जनसङ्ख्या को असमान वितरण, ब्याप्त गरीवी तथा बदलिदो राजनैतिक, सामाजिक तथा आर्थिक संरचनाले पनि जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको आवश्यकतालाई पुनः पुष्टि गर्दछ ।

राज्यको पुर्नसंरचनाको महत्वपूर्ण समयमा जनसङ्ख्या  नीतिले पनि बदलीदो संरचनालाई सम्वोधन गर्नेछ । त्यसै गरी राज्यको पुर्नसंरचना गर्दा जनसङ्ख्या को वनोट, संरचना तथा प्रवृतिलाई विशेष ध्यान दिनु पर्ने हुन्छ । जनसङ्ख्या को गतिशीलतालाई ध्यान नदिई बनाइएका संरचनाबाट मानिसले पाउनु पर्ने उचित सेवा तथा सुविधा उपलव्ध गराउन अफ्ठ्यारो हुन्छ भने मानव स्रोतको उच्चतम परिचालन पनि प्रभावित हुन जान्छ ।

विकासका हरेक क्रियाकलापहरुले मानव कल्याणलाई केन्द्रमा राखेको हुन्छ ।  जनसङ्ख्या को वनोट, संरचना, वितरण तथा गतिशीलताले उक्त क्रियाकलापहरुलाई प्रत्यक्ष असर पुऱ्याएको हुन्छ । यिनीहरुवीचको तालमेल भएन भने लक्षित उद्देश्यमा पुग्न असजिलो हुन्छ । उपलब्ध स्रोत र साधनहरुको समुचित प्रयोग गरी राष्ट्रको सर्वाङ्गिण बिकास गर्नको लागि जनसङ्ख्या को संरचनालाई विशेष ध्यान दिनु पर्दछ । विकासका प्रतिफल सबै नेपाली सामु पुऱ्याउन, कार्यक्रम तथा योजनाहरुबाट अधिकतम प्रतिफल लिन र विकासका हरेक क्रियाकलापमा जनसमुदायको उल्लेख्य सहभागिता गराउन जनसङ्ख्या को विशेषता, त्यसको आवश्यकता र क्षमताको लेखाजोखा गर्नु अनिवार्य हुन्छ । जनसङ्ख्या का विशेषताहरुलाई ह्दयंगम गरी नेपालीहरुको जीवनको गुणस्तर बृद्धि गर्ने र उनीहरुको शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै उत्पादन क्षमता बृद्धि गरी

**जनसङ्ख्या  सम्बन्धी दीर्घकालीन योजना किन?**

- कायरो सम्मेलन १९९४, बेइजिङ्ग सम्मेलन १९९५ तथा कोपनहेगन सम्मेलन १९९६ ले अवलम्बन गरेको दीर्घकालीन जनसङ्ख्या  तथा विकासका लक्षहरु हासिल गर्न ।
- सहस्राब्दी विकास लक्ष हासिल गर्नका लागि योगदान दिन ।
- नवौ, दसौं तथा चालु अन्तरिम योजनाले अवलम्बन गरेको जनसङ्ख्या  तथा विकासका लक्षहरु हासिल गर्न योगदान दिन ।
- राष्ट्रको बदलिदो आर्थिक, समाजिक तथा राजनीतिक परिवेशमा जनसङ्ख्या  व्यवस्थापनलाई समय सापेक्ष बनाउन ।
- विभिन्न क्षेत्रमा निर्माण भइ कार्यान्वयन भएका दीर्घकालीन योजनाहरुलाई सहजिकरण गर्न तथा जनसङ्ख्या  व्यवस्थापनमा ती योजनाहरुबाट योगदान प्राप्त गर्न ।

कालान्तरमा समृद्ध नेपालको निर्माण गर्न जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको अपरिहार्यता महशुस गरिएको हो ।

**२) जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको उद्देश्य (Objective of Population Perspective Plan)**

जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले 'जनसङ्ख्या  र विकास' सम्बन्धी सन् १९९४ अन्तर्राष्ट्रिय सम्मेलनले निर्दिष्ट गरेको दीर्घकालीन लक्ष र सहस्राब्दी विकास लक्षका प्रतिबद्धताहरुलाई आत्मसात गर्दै र अन्य समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई मध्यनजर गर्दै जनसङ्ख्या का मुद्दाहरुलाई विकासका हरेक क्षेत्रमा एकीकृत गर्दै लैजाने र जनसङ्ख्या को व्यवस्थापन र परिचालनलाई सहज र समयसापेक्ष बनाउने उद्देश्य लिएको छ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले जनसङ्ख्या को आकार र संरचनालाई नियमित तथा अपेक्षित मार्गनिर्देश गर्ने मात्र नभई जनसङ्ख्या लाई बढी उत्पादनशील बनाउन यसको क्षमता तथा सीप बिकासमा पनि उत्तिकै जोड दिएको छ । नेपालको प्रमुख समस्याको रुपमा रहेको गरीवी न्यूनिकरण गरी गुणस्तरीय जीवनको प्रवर्द्धन गर्नु, नेपालीका आधारभूत आवश्यकताको परिपूर्ति गर्दै उनीहरुको क्षमता बिकास गरी मानव बिकासमा जोड दिनु, सवै प्रकारका विभेदहरुको अन्त्य गरी समतामुलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निमार्णमा योगदान दिनु दीर्घकालीन योजनाको प्रमुख उद्धेश्य रहेको छ । यसका अन्य उद्देश्यहरु यस प्रकार छन्:

- जनसङ्ख्याका मुद्दाहरुलाई विकासका हरेक क्षेत्रहरुमा समावेश गर्ने ।
- जनसाङ्ख्यिक संक्रमणलाई निम्न माध्यमबाट सहजिकरण गर्ने ।
    - गरीव तथा जोखिमपूर्ण अवस्थामा रहेका समूहमा प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गर्ने ।
    - प्रजनन् स्वास्थ्य सेवाको विस्तार गर्ने ।
    - देशब्यापी रुपमा गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गर्ने ।
    - लैङ्गिक समानता र महिला सशक्तिकरण प्रवर्द्धन गर्ने ।
    - विकेन्द्रित राज्य संरचना निर्माण गर्ने र जनसङ्ख्या  व्यवस्थापनका कार्यक्रमहरुमा समुदायको सहभागितामा जोड दिने ।
    - गरीवी निवारणका लागि सन्तुलित क्षेत्रीय आर्थिक विकासलाई सहजिकरण गर्ने ।
    - सानो तथा गुणस्तरीय परिवारको अवधारणालाई प्रवर्द्धन गर्ने ।
    - जनसङ्ख्या संग सम्बन्धित सूचना संकलन, ब्यवस्थापन, प्रकाशन तथा सार्वजनिकिकरणलाई गुणस्तरीय, ब्यापक र भरपर्दो बनाउने ।
    - जनसङ्ख्या  ब्यवस्थापन सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने ।
- जनसङ्ख्या  सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी समन्वय तथा अनुगमनको लागि कार्यान्वयन संयन्त्र र संस्थागत संरचनाको सुझाव प्रदान गर्ने ।

**३) जनसख्या सम्वन्धी दीर्घकालीन योजनाको क्षेत्र (Scope of Population Perspective Plan)**

जनसङ्ख्या बहुपक्षीय, बहुआयामिक एंव सवैलाई सरोकार रहने बिषय भएकोले जनसङ्ख्या  सम्वन्धी कार्यक्मलाई समग्र बिकास प्रयासमा आवद्ध गरिनु वान्छनीय हुन्छ । जनसङ्ख्या का मुद्दाहरु विकासका हरेक क्रियाकलापहरुमा प्रमुख प्राथमिकतामा रहन्छन् । यसका मुद्धाहरु व्यापक भएकाले यसले समेटने क्षेत्रहरु पनि व्यापक छन् । ती मध्ये प्रमुख क्षेत्रहरुलाई दीर्घकालीन योजनाले समेटेको छ । जसमा निम्न विषयहरु पर्दछन्:

- जनसाङ्ख्यिक विश्लेषण
- प्रजनन् स्वास्थ्य

- गरीवी
- आर्थिक क्षेत्र
- जनसङ्ख्यासराई तथा जनसङ्ख्या को भौगोलिक वितरण
- लैङ्गिक मूलप्रवाहिकरण
- सामाजिक पक्ष
- बिकेन्द्रीकरण
- संगठनात्मक संयन्त्र

**भाग : दुई**

# २. क्षेत्रगत विश्लेषण
# (Thematic Analysis)

## २.१ जनसाङ्ख्यिक विश्लेषण (Demographic Analysis)

सन् २००१ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या वार्षिक २.२५ प्रतिशतले वृद्धि भईरहेको छ । यहि दर कायम रहने हो भने नेपालको जनसङ्ख्या ३१ वर्षमा दोब्बर हुन्छ । उक्त वृद्धिदर नेपालको आर्थिक तथा सामाजिक बिकासको तुलनामा निक्कै बढी हो । यहि दर कायम रहि रहने हो भने नेपालको जनसङ्ख्या व्यवस्थापन एउटा ठूलो चुनौती हुनेछ । जनसङ्ख्या बृद्धिदरलाई घटाउन आवश्यक कदमहरु तत्काल चाल्नु पर्ने आवश्यकता रहेको छ । तसर्थ विगतमा चालिएका कदमहरुको समीक्षा गर्दै तिनीहरुलाई प्रभावकारी वनाउनुका साथै थप कदमहरु चाल्नु बर्तमान चुनौति रहेको छ ।

नेपालको जनसङ्ख्या को तथ्यांकको प्रमुख स्रोत भनेको जनगणना हो । यो प्रत्येक दश वर्षमा गरिन्छ । जनगणनाले तत्कालीन अवस्थाको जनसङ्ख्या र त्यसका विषेशताहरुको सूचना संकलन गर्दछ । ती सूचनाहरु मात्र योजना निर्माणको लागि अपुग हुने भएकाले अन्य स्रोतहरु जस्तै आवधिक सर्वेक्षणहरुको पनि उपयोग गर्नु पर्दछ । त्यसको अतिरिक्त जनसङ्ख्या को भावी स्वरुप, वृद्धिदर, वितरण तथा संरचनाको अवस्था के कस्तो हुने हो भनी जनसङ्ख्या प्रक्षेपण गरिन्छ । जसले योजना निर्माणमा ठोस योगदान पुऱ्याउँदछ ।

**तालिका १: नेपालको जनसङ्ख्या को आकार तथा बृद्धिदर, १९११-२०३१**

| जनगणना बर्ष | जनसङ्ख्या को आकार ('०००मा) | बास्तविक परिवर्तन (%) | बार्षिक बृद्धिदर ९५० | दोब्बर हुन लाग्ने समय (बर्षमा) | जनघनत्व (प्रति बर्ग किलोमिटर) |
|---|---|---|---|---|---|
| | | | **गणना गरिएको जनसङ्ख्या** | | |
| १९११ | ५६३९ | | | | ३८ |
| १९२० | ५५७४ | (-)१.२ | (-)०.२ | | ३८ |
| १९३० | ५५३३ | (-)०.७ | (-)०.७ | | ३८ |
| १९४१ | ६२८४ | १३.६ | १.१६ | ६० | ४३ |
| १९५२-५४ | ८२५७ | ३१.४ | २.२८ | ३१ | ५६ |
| १९६१ | ९४१३ | १४.० | १.६४ | ४३ | ६४ |
| १९७१ | ११५५६ | २२.८ | २.०५ | ३४ | ७९ |
| १९८१ | १५०२३ | ३०.० | २.६२ | २७ | १०२ |
| १९९१ | १८४९१ | २३.१ | २.०८ | ३४ | १२६ |
| २००१ | २३१५१ | २५.२ | २.२५ | ३१ | १५७ |
| | | | **प्रक्षेपण गरिएको जनसङ्ख्या** | | |
| २००६ | २५६८८ | १०.९६ | २.०८ | ३३ | १७४ |
| २०११ | २८१३१ | ९.५१ | १.८२ | ३८ | १९१ |
| २०१६ | ३०४९५ | ८.४ | १.६१ | ४३ | २०७ |
| २०२१ | ३२६३४ | ७.०१ | १.३६ | ५१ | २२१ |
| २०२६ | ३४७१७ | ६.३८ | १.२४ | ५६ | २३६ |
| २०३१ | ३७७८७ | ५.९६ | १.१६ | ६० | २५० |

तालिका १ ले सन् २०३१ को नेपालको जनसङ्ख्या को आकार तथा बृद्धिलाई प्रष्ट पारेको छ । सन् २०३१ सम्ममा नेपालको जनसङ्ख्या करिव ३ करोड ६८ लाख पुग्ने तथा बार्षिक बृद्धिदर १.१६ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । तर जनसङ्ख्या को यो आकार तथा बृद्धिदर क्षेत्रीय तथा भौगोलिक हिसाववाट समान रुपमा वितरित हुनेछैन । अर्कोतर्फ जनघनत्व निरन्तर बृद्धि भएर सन् २०३१ मा २५० व्यक्ति प्रति बर्ग किलोमिटर पुग्ने छ । सन् २०३१ सम्ममा वार्षिक बृद्धि दर अहिले २.२५ प्रतिशत बाट घटेर १.१६ प्रतिशतमा आए पनि जनसङ्ख्या बढ्ने कम भने रोकिने छैन । तर जनसङ्ख्या को बनोट, संरचना तथा वितरणमा भने उल्लेख्य परिवर्तन हुनेछ । उक्त परिवर्तित अवस्थामा जनसङ्ख्या योजना पनि समय सापेक्ष हुनु पर्दछ । उदाहरणको लागि सन् १९६०, ७० र ८०

को दशकमा प्रजनन्दर नियन्त्रण प्रमुख लक्ष्य थियो भने हाल आएर जनसङ्ख्या का मुद्दाहरुलाई विकाससंग एकीकरण गर्दै जनसङ्ख्या को व्यवस्थापन गर्नु प्रमुख लक्ष्य भएको छ ।

**नेपालको जनसङ्ख्या का प्रमुख विशेषताहरु**

- युवाहरुको बाहुल्यता
- घट्दो मृत्युदर
- घट्दो तर उच्च प्रजनन् दर
- घट्दो तर उच्च मातृ तथा शिशु मृत्युदर
- तुलनात्मक रुपमा कम औसत आयु
- बढ्दो बृद्ध जनसङ्ख्या
- जनसङ्ख्या को असमान भौगोलिक वितरण
- अव्यवस्थित आन्तरिक बसाइसराई
- लैङ्गिक असमानता

सीमित साधन र स्रोतबाट निरन्तर बढि रहेको जनसङ्ख्या को आवश्यकता पूर्ति गर्नु नेपालका लागि चुनौति भएको छ । उक्त चुनौतिलाई घट्दो तर उच्च जन्मदर र मृत्युदर, मातृ तथा शिशु मृत्युदर, परिवार नियोजनका साधनहरुको उच्च अपरिपूर्तदर, किशोर किशोरी तथा युवाहरुको प्रजनन् स्वास्थ्य, एच. आईभी/एड्सको वढ्दो चुनौति, तीव्र शहरीकरण र वसाइसराई, जनसङ्ख्या को असन्तुलित वितरण, कम उमेरमा विवाह गर्ने प्रचलन, बुढ्यौलीपन तथा विस्थापित जनसङ्ख्या ले अझ जटिल बनाएको छ । ग्रामीण जनसङ्ख्या मा यि समस्याहरु अझ चुनौतिपूर्ण बन्दै गएका छन् । निरन्तरको प्रयासले स्थितिमा सुधारका लक्षणहरु देखा परे पनि अपेक्षित उपलब्धि भने हासिल हुन सकेको छैन ।

नेपालको मानव विकास सूचाङ्क सुधारोन्मुख भए पनि अझै न्यून तथा चिन्ताजनक छ । त्यसमा पनि जातीय, क्षेत्रीय र लैङ्गिक विभेद अझै पनि उच्च छ । सन् २०१५ सम्ममा औषत आयु ७५ वर्ष भन्दा वढी पुऱ्याउने अन्तर्राष्ट्रिय प्रतिवद्धतामा नेपालले पनि सहमती जनाएको छ , तर हाल सम्मको प्रगति मूल्याङ्कन गर्दा सो लक्ष्य प्राप्त गर्न सम्भव देखिदैन । नेपालीको औषत आयू सन् २००८ सम्ममा ६४ वर्ष पुगेको छ । जुन सन् २०३१ मा ७० वर्ष पुग्ने अनुमान गरिएको छ । जनसाङ्ख्यिक सूचकहरुमा सुस्त सुधार देखिएता पनि पछिल्लो समयको प्रगति उत्साह जनक छ । उदाहरणको लागि सन् २००१ भन्दा अगाडि महिलाको औसत आयु पुरुषको भन्दा कम थियो । जसलाई महिला माथिको विभेदको कारणले भएको मानिन्छ । तर हाल महिलाको औषत आयु पुरुषको भन्दा केहि बढी भएको छ । जसले महिला माथिको विभेदको क्रमिक रुपमा न्यूनिकरण हुदै गएको स्पष्ट पार्दछ । यस्तै पछिल्ला दिनहरुमा मातृ तथा शिशु स्वास्थ्यमा भएको उल्लेख्य प्रगति, घटिरहेको प्रजनन् दर तथा आम जनसमुदायमा आएको चेतनाले योजना निर्माण र कार्यान्वयनमा उत्साह थपेको छ ।

त्यसैगरी परिवारको संरचना र छोराछोरी प्रति आमाबुवाको अपेक्षामा आएको परिवर्तन पनि जनसङ्ख्या व्यवस्थापनको लागि महत्वपूर्ण उपलब्धि हुन् । महिला शिक्षा तथा रोजगारीमा भएको प्रगति अर्को उपलब्धि हो । लैङ्गिक समानतामा आएको सकारात्मक परिवर्तनले स्थिति सहज बनाउन मद्दत पुऱ्याएको छ । लैङ्गिक समानताको लाभांश (Gender Equality Dividend) लाई प्रयोग गर्न सकिएमा स्थिति अझ लाभदायक र अपेक्षित हुनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता, सहयोग र समझदारी हुदाहुदै पनि स्पष्ट राष्ट्रिय नीति र प्रभावकारी कार्यान्वयनको अभावमा अझपनि नेपाली जनताहरु झाडापखाला, कुपोषण, स्वास्थ्य सेवाको अभाव, गरीवी, अशिक्षा आदिका कारणले अस्वस्थ्य जीवन वाचीरहेका वा मृत्युको शीकार भइरहेका छन् ।

नेपालको जनसङ्ख्या  जातीय, भाषिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक विविधतायुक्त छ । ती विविधता भित्र आ-आफ्नै विशेषता र आवश्यकताहरु छन् । आजको बदलिदो परिवेशमा ती विशेषताहरुलाई जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनामा फरक ढंगबाट सम्बोधन गरिनेछ । जनसङ्ख्या का विषयहरुमा सबैको सहभागिता तथा स्वामित्व सुनिश्चित गरिने छ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले हालसम्म भएका उपलब्धिहरुको संरक्षण गर्दै आगामी दिनमा जनसङ्ख्या  व्यवस्थापनलाई समय सापेक्ष बनाउने, जनसङ्ख्या को असमान

वितरणलाई कम गर्ने, नकारात्मक जनसाङ्ख्यिकसूचकहरुलाई सकारात्मक बनाउने र जनसङ्ख्या लाई विकासको बाधक नभई विकासको सहयोगी बनाउने जस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गर्नेछ ।

## २.२ प्रजनन् स्वास्थ्य (Reproductive Health)

प्रजनन् स्वास्थ्यलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्र अर्न्तगत बृहत अवधारणामा राख्नु पर्दछ । प्रजनन् स्वास्थ्यले प्रजनन् प्रणालीलाई मात्र नभई मानिसका उमेर अनुसारका यौन विकास र आवश्यकता (Sexual Development and Needs), शारीरिक, मानसिक तथा सामाजिक विकास र सम्वन्धका साथै प्रजनन् प्रक्रियाबाट पर्ने सामाजिक तथा आर्थिक असरहरुको समीक्षा र समाधानलाई पनि समेट्दछ ।

सन् १९९४ को कायरो सम्मेलनले प्रजनन् स्वास्थ्यलाई अधिकारको रुपमा स्थापित गरी विकासका हरेक पक्षसंग समायोजन गर्नु पर्ने मान्यता राखेको छ । उक्त सम्मेलनले अङ्गिकार गरेको २० वर्षे कार्ययोजनामा प्रजनन् स्वास्थ्यलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षसंग समाहित गरी लैजानु पर्ने आवश्यकता औंल्याएको छ ।

सन् २००६ को “नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण” ले नेपालमा प्रजनन् स्वास्थ्यमा उल्लेख्य सुधार भएको देखाए तापनि अझै पनि धेरै समस्याहरु रहेका छन् । उक्त सर्वेक्षणका अनुसार मातृ मृत्यु दर २८१ प्रति एकलाख जीवित जन्ममा आएको छ, जुन एक दशक अगाडि ५३९ थियो । परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग दर ३५.४ (सन् २००१) प्रतिशतबाट बढेर ४४.२ (सन् २००६) प्रतिशतमा पुगेता पनि कूल मागको करिव ६६ प्रतिशतमात्र पूरा गर्न सकिएको छ । शिशु मृत्युदरमा पनि उल्लेख्य सुधार आएको छ । सन् २००१ मा प्रति हजार जीवित जन्म मध्ये ६४ रहेको शिशु मृत्युदर सन् २००६ मा ४८ मा झरेको छ। तर यो दर हिमाल (९९), मध्यपश्चिमाञ्चल विकास क्षेत्र (९७), अशिक्षित आमाहरुबाट जन्मिएका शिशुहरु (६९) र गरीव परिवारका शिशुहरु (७१) मा अझै पनि उच्च छ । साथै सन् २००६ को “नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण” अनुसार नेपाली महिलाहरुको औसत (Median) विवाह उमेर १७.२ बर्ष रहेको छ जुन अन्य देशहरुको तुलनामा निक्कै कम रहेको छ। साथै आदिवासी तथा ग्रामीण भेकमा बस्ने महिलाहरुको विवाह गर्ने औषत उमेर समेत कम रहेको पाइन्छ ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनामा प्रजनन् स्वास्थ्यको प्रमुख उद्देश्य जनसङ्ख्या को संक्रमणलाई सहजिकरण गर्नु हुनेछ । किशोरकिशोरी तथा दम्पतीमा प्रजनन् स्वास्थ्यको महत्वका बारेमा जानकारी दिलाई उचित उमेरमा बिवाह गर्ने, बच्चा जन्माउने, उचित जन्मान्तर राखी थोरै बच्चा जन्माउन प्रोत्साहन गर्ने, मातृ तथा शिशु स्वास्थ्यमा बिशेष ध्यान दिने जस्ता कार्यक्रमहरु योजनाले समेट्छ । उक्त उद्देश्यका लागि मातृ तथा शिशु स्वास्थ्यको बिस्तार, परिवार नियोजन सेवाको बिस्तार, प्रजनन् स्वास्थ्य अधिकारको बारेमा जनचेतना तथा उच्च जनसङ्ख्या बृद्धिका असरका बारेमा सर्वसाधारणमा जानकारी गराउने कार्यक्रमहरु लागू गरिनेछ ।

प्रजनन् स्वास्थ्यको विकास तथा प्रवर्द्धनले प्रजनन् दर घटाई प्रतिस्थापन तहमा पुऱ्याउन सहयोग पुऱ्याउदछ । प्रतिस्थापन तहमा प्रजनन् दरलाई पुऱ्याउन परिवार नियोजनका कार्यक्रमहरुको निरन्तरता र विस्तार, अपरिपूर्त मागलाई पूरा गर्ने, स्वास्थ्य सेवाको गुणस्तरीयतामा बृद्धि गर्ने तथा सान्दर्भिक सूचनाहरु समुदाय, परिवार तथा व्यक्तिगत तहसम्म सञ्चार गर्ने जस्ता रणनीतिहरु आवश्यक हुन्छन् । बच्चाको संख्याभन्दा बच्चाको गुणस्तर महत्वपूर्ण हुन्छ भन्ने सन्देशको सञ्चारमा जोड दिइनेछ ।

प्रजनन् स्वास्थ्य सेवाको विस्तारले हाल पनि उच्च रहेको शिशु तथा वाल मृत्यु दर घटाउन मद्दत पुऱ्याउदछ । फलस्वरुपः व्यक्तिको औसत आयुमा बृद्धि हुन गई सहस्राब्दी विकास लक्ष पूरा गर्न सहयोग हुन्छ । यसका लागि पोषण कार्यक्रमको विस्तार, प्रजनन् तथा वालस्वास्थ्य सेवाको विस्तार, स्वास्थ्य सेवा उपलब्ध हुने सवै तहमा गुणस्तरीय सेवाको विस्तार गरी शिशु तथा बालबालिकाको स्वास्थ्य जीवन सुनिश्चित गरिनेछ ।

प्रजनन् दर घटे पनि केही समयसम्म जनसङ्ख्या  बृद्धि भैरहन्छ । प्रजनन् स्वास्थ्यको उचित विकास तथा विस्तारले उक्त बृद्धिलाई नियन्त्रण तथा कम गर्न महत्वपूर्ण भूमिका खेल्दछ । विवाह गर्ने उमेर बढाई जन्मदरलाई अझ घटाउन प्रजनन् स्वास्थ्यका मुद्दालाई शिक्षा, रोजगारी, सञ्चार तथा विकास निर्माणसंग आवद्ध गरिनेछ । प्रजनन् स्वास्थ्य सेवा उपलब्ध नहुनु मात्र होईन उपलब्ध सेवाको प्रभावकारी उपयोग नहुनु पनि नेपालको लागि विगत देखिको चुनौती हो । तसर्थ प्रजनन् स्वास्थ्य सेवाको विस्तारले सेवाहरुको प्रभावकारी प्रयोगलाई देहाय वमोजिम सहयोग गर्दछ ।

- गुणस्तरीय प्रजनन् स्वास्थ्य सेवामा बृद्धि हुनेछ ।
- प्रजनन् स्वास्थ्य सेवाको मागमा बृद्धि हुनेछ ।
- प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमको ब्यवस्थापनमा सुधार हुनेछ ।
- महिलाहरुको अवस्थामा सुधार हुनेछ ।

बर्षेनी नेपालमा हजारौ महिलाहरु कम उमेरमा विवाह गर्ने तथा बच्चा जन्माउने, धेरै बच्चा जन्माउने, कम जन्मान्तर राख्ने, गर्भवती तथा सुत्केरी समयमा उचित स्याहार तथा स्वास्थ्य सेवा प्राप्त नहुने जस्ता कारणले अकालमै ज्यान गुमाउन तथा अस्वस्थ जीवन जीउन बाध्य भै रहेका छन् । महिलाहरुको स्वास्थ्यको असर बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक, शारीरिक तथा मानसिक विकासमा पर्न जान्छ । महिलाहरुको प्रजनन् स्वास्थ्यमा सुधार गर्न प्रजनन् प्रक्रियामाथि उनीहरुको अधिकार स्थापित गर्नु पर्दछ । मातृमृत्युदर उच्च हुनुको प्रमुख कारण महिलाहरुले प्रजनन् स्वास्थ्य अधिकारको प्रयोग गर्न नपाउनु पनि हो । प्रजनन् स्वास्थ्य अधिकार स्थापित हुँदा विवाह, गर्भधारण, जन्मान्तर तथा बच्चाहरुको संख्या निर्धारण गर्न महिलाहरु स्वतन्त्र हुन्छन । फलस्वरुप उनीहरुको स्वास्थ्यमा अनुकूल असर पुग्दछ । अनिच्छित गर्भको संख्यामा कमी हुन गई प्रजनन् दर घट्नुका साथै आमा तथा शिशुको स्वास्थ्यमा सुधार हुन्छ भने मातृ तथा शिशु मृत्युदर पनि कम हुन्छ । यसर्थ पनि महिलाहरुको प्रजनन् स्वास्थ्यमाथिको अधिकार स्थापित गर्नु अपरिहार्य हुन्छ । प्रजनन् स्वास्थ्य अधिकारलाई महिलाहरुको शिक्षा, स्वास्थ्य, रोजगारी तथा ब्यक्तिगत स्वतन्त्रतासंग आवद्ध गर्नु पर्दछ ।

नेपालले प्रजनन् स्वास्थ्यको सुनिश्चितताको लागि दीर्घकालीन योजना निर्माण गरे पनि प्रभावकारी कार्यान्वयन तथा अन्य सामाजिक-आर्थिक पक्षसंग समन्वयका अभावले अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन । यद्यपि विगतको तुलनामा स्थिति सुधारोन्मुख देखिएको छ । जनमानसमा आएको चेतना, बढ्दो शिक्षाको पहुँच, सञ्चार तथा अन्य भौतिक पूर्वाधारका विकासले प्रजनन् स्वास्थ्यको आगामी दिनमा सुधारका ठूलो सम्भावना देखाएका छन् । ढिलो विबाह, थोरै सन्तान तथा उचित जन्मान्तरले महिलाहरुलाई आफ्नो व्यक्तित्व विकासका अवसरहरु प्रदान गर्दछ । नेपालमा महिलाहरुको विबाह औषत (Median) १७.२ वर्षमा हुन्छ भने २० वर्षको उमेरमा पुग्दा उनीहरु आमा भैसकेका हुन्छन् जसले गर्दा उनीहरुले शिक्षा तथा रोजगारीको अवसर प्राप्त गर्न सक्दैनन् । शिक्षा र रोजगारीको अभावमा उनीहरु आर्थिक तथा अन्य हिसावले आश्रित हुन्छन् । यसको असर उनीहरुको स्वास्थ्यमा पर्न जान्छ । तसर्थ, प्रजनन् स्वास्थ्यको प्रवर्धन, पहुँच तथा प्रभावकारी उपभोगबाट जनसङ्ख्या  बृद्धिदरलाई नियन्त्रण गरी मातृ तथा शिशु स्वास्थ्य अवस्थालाई सुदृढ बनाउन सकिनेछ । प्रजनन् स्वास्थ्यले निम्न क्षेत्रहरुलाई समेट्छ :

- परिवार नियोजन
- सुरक्षित मातृत्व
- नवजात शिशु स्याहार
- किशोरकिशोरी प्रजनन् स्वास्थ्य
- विस्तारित सुरक्षित गर्भपतन सेवा
- एच.आई.भि/एड्स

- बांझोपन
- वृद्धवृद्धाहरुको प्रजनन् स्वास्थ्य समस्या
- महिला विरुद्धको हिंसा

उल्लेखित प्रजनन् स्वास्थ्यका क्षेत्रहरुलाई समेट्ने गरी नेपाल सरकारले विभिन्न समयमा विभिन्न योजनाहरु बनाई कार्यान्वयन गरेको छ । उक्त योजनाहरुलाई समय सापेक्ष बनाई अन्य सामाजिक तथा आर्थिक विकासका योजनाहरुसंग समायोजन गर्दै अपेक्षित प्रगति हासिल गर्ने जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाको उद्देश्य हुनेछ ।

दीर्घकालीन योजनाले योजना अवधिमा महिला तथा किशोरकिशोरीहरुको प्रजनन् स्वास्थ्य अधिकारलाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । प्रजनन् स्वास्थ्य सेवाको विस्तार गरी परिवार नियोजनका साधनहरुको पहुँचमा बृद्धि गर्ने, महिलाहरुलाई गर्भवती सेवा, प्रसुति सेवा तथा पाश्चप्रसुति सेवा प्रयोगको लागि प्रोत्साहित गरी मातृ तथा शिशु स्वास्थ्य अवस्थामा सुधार गर्ने, पुरुषहरुको प्रजनन् स्वास्थ्यमा सहभागिता (Male Involvement in Reproductive Health) मा बृद्धि गर्ने, महिला तथा पुरुष औसत विवाह उमेरमा बृद्धि गर्ने र ती कार्यक्रमहरुबाट जनसङ्ख्या व्यवस्थापनलाई योगदान दिने कार्यनीति अवलम्बन गर्नेछ ।

### २.३ **गरिवी (Poverty)**

गरिवी नेपालको लागि निरन्तरको समस्या हो । कुल जनसङ्ख्या को करिव ३१ प्रतिशत जनसङ्ख्या गरिवीको रेखामुनि रहेको अनुमान गरिएको छ । गरिवहरु मध्ये पनि ठूलो समूह अति विपन्न वर्ग भित्र पर्दछन जो मुस्किलले आफ्नो जीवनयापन गरिरहेका छन् । गरीवीको अवस्थामा भौगोलिक, जातीय तथा लैङ्गिक विभेद पाइन्छ । उदाहरणको लागि ग्रामीण क्षेत्रमा ३५ प्रतिशत र शहरी क्षेत्रमा १० प्रतिशत जनसङ्ख्या गरीवीको रेखामुनि रहेको अनुमान गरिएको छ । सन् १९९० को दशकमा ४० प्रतिशतभन्दा बढी जनसङ्ख्या गरीवीको रेखामुनि रहेकोमा सन् २००० को दशकमा ३० प्रतिशतको हाराहारीमा झरेको छ । परिमाणात्मक हिसावले गरीवीको अवस्थामा सुधार आएको देखिए तापनि गुणात्मक हिसावमा ठूलो परिवर्तन आएको देखिदैन । अति विपन्न वर्गमा पर्ने गरीवहरु आज पनि उस्तै अवस्थामा छन् । बर्षेनी खाद्यान्न तथा सामान्य स्वास्थ्य सुविधाको अभावबाट सयौ बालबालिका, महिला तथा पुरुषहरु विरामी पर्ने वा मर्ने गरेका छन् । अशिक्षा तथा स्वास्थ्य सेवाको अभावका कारणले रुग्णता (Morbidity) दर उच्च रहेको छ । चेतनाको अभाव तथा परिवार नियोजनका साधनमाथि पहुँच नहुदा प्रजनन् दर पनि उच्च रहेको छ । उच्च प्रजनन् दरको फलस्वरुपः गरीवीको चक्र जटिल हुदै जान्छ । गरीवीको चक्रको असर पुस्तौसम्म सर्दै जान्छ । गरिवीको कारण परिवारले सदस्यहरुको मानव विकासमा गर्नुपर्ने लगानी गर्न सक्दैन । यसको असर राष्ट्रको समग्र विकासमा पर्न जान्छ ।

विश्व बैंकको सर्वेक्षण २००५ अनुसार नेपालको कूल जनसङ्ख्या मध्ये ८५ प्रतिशत र कूल गरिवको ९६ प्रतिशत ग्रामीण क्षेत्रमा बसोवास गर्दछन् । ग्रामीण क्षेत्रका गरिवहरुको अवस्था जटिल र अत्यन्तै दयनीय छ । भौगोलिक क्षेत्रमध्ये पहाडमा सवैभन्दा बढी गरिव जनसङ्ख्या रहेको छ । त्यसपछि तराई र सवैभन्दा कम हिमाली क्षेत्रमा रहेको छ ।

**तालिका २: नेपालमा गरिवीको वितरण १९९६-२००४ (%मा)**

| क्षेत्र | गरिव जनसङ्ख्या को वितरण | | जनसख्याको वितरण | |
|---|---|---|---|---|
| | १९९६ | २००४ | १९९६ | २००४ |
| ग्रामीण | ९६.४ | ९५.३ | ९३.१ | ८५.० |
| शहरी | ३.६ | ४.७ | ६.९ | १५.० |
| भौगोलिक क्षेत्र | | | | |
| हिमाल | १०.७ | ७.५ | ७.९ | ७.१ |
| पहाड | ४१.९ | ४७.१ | ४३.० | ४२.१ |
| तराइ | ४७.४ | ४५.४ | ४९.२ | ५०.८ |

स्रोतः विश्व बैंक, २००५

नेपालमा जात/जाती अनुसार गरीवीको वितरणमा भिन्नता रहेको छ । अन्य जात/जातीहरुको तुलनामा दलितहरु सवैभन्दा गरीव रहेका छन् । त्यसपछि गरीवको समूहमा पहाडका जनजातीहरु पर्दछन् ।

**तालिका ३: जातिगत रुपमा गरिवीको वितरण, १९९६-२००४ (%मा)**

| जात/जातीयता | १९९६ | २००४ |
|---|---|---|
| उच्च जात (पहाड-तराई) | ३४.१ | १८.४ |
| यादव (मध्य तराई) | २८.७ | २१.३ |
| दलित (पहाड-तराई) | ५७.८ | ४५.५ |
| नेवार | १९.३ | १४ |
| जनजाती- पहाड | ४८.७ | ४४ |
| थारु (तराई जनजाती) | ५३.४ | ३५.४ |
| मुस्लिम | ४३.७ | ४१.३ |
| अन्य | ४६.१ | ३१.३ |

स्रोतः विश्व बैंक, २००५

गरिवीको वितरणलाई देशको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक तथा वातावरणीय संरचनाले असर पार्दछ । प्रतिकूल आर्थिक व्यवस्था र विभेदकारी सामाजिक संरचना र त्यसैको धरातलमा उभिएको राजनीतिक प्रणाली गरिवीलाई जटिल बनाउने कारणहरु हुन् । त्यसमा तीव्र जनसङ्ख्या  बृद्धिले समस्या अझ बढाएको छ । गरिवीलाई आर्थिक पक्षसंग मात्र सीमित नगरी सामाजिक, साँस्कृतिक तथा राजनीतिक पक्षसंग सम्बद्ध गरी विकासका क्रियाकलापसंग एकीकरण गर्नु पर्दछ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले गरिवीको अवस्थालाई सम्बोधन गरेको छ । जनसङ्ख्या  बृद्धिदरलाई कम गर्न गरिवी घटाउनु अत्यावश्यक हुन्छ । किनकी गरिवीलाई जनसङ्ख्या  बृद्धिको कारण तथा परिणाम दुवै मानिन्छ ।

आर्थिक बृद्धिको सम्भावना रहे तापनि जनसङ्ख्या  बृद्धिको कारणले पर्याप्त लगानीको अभावमा आर्थिक विकास गर्न सजिलो हुदैन । जनसङ्ख्या को आकारभन्दा पनि यसको गुणस्तरले आर्थिक विकासलाई सहयोग गर्ने तथ्य पूर्वी एसियाका राष्ट्रहरुले गरेको आर्थिक विकासले पनि स्पष्ट पारेको छ । गुणस्तरीय

**जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनामा गरीवी निवारण**

- गरीवीलाई मानवीय दृष्टिकोणाबाट सम्बोधन गरिनेछ ।
- गरीवी निवारणलाई जनसङ्ख्या  व्यवस्थापनको महत्वपूर्ण अवयव बनाइने छ ।
- जनसङ्ख्या  व्यवस्थापनका कार्यक्रमहरुलाई गरीवी निवारणका कार्यक्रमहरुसंग एकीकृत गरिनेछ ।
- गरीव जनसमुदाय र त्यसमा पनि महिला, दलित, जनजाती, मधेसी र सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी कार्यक्रमहरु निमार्ण तथा संचालन गरिनेछ ।
- कायरो तथा सहस्राब्दी विकास लक्ष हासिलका लागि उच्च योगदान दिने कार्यक्रमहरुको निर्माण विशेष जोड दिनेछ ।

जनसङ्ख्या  निर्माणको लागि गरिवी घटाउनु पहिलो शर्त हुन्छ । तसर्थ जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले देशमा व्याप्त गरिवी घटाई गुणस्तरीय जनसङ्ख्या  निर्माण गर्दै आर्थिक विकासमा सहयोग पुऱ्याउने र आर्थिक विषमतालाई घटाउने लक्ष लिएको छ ।

तुलनात्मक रुपमा गरिव परिवारमा प्रजनन् दर तथा मृत्यु दर उच्च देखिएको छ । ती परिवारको औसत आयु पनि कम रहेको छ । उनीहरुको परिवार नियोजनका साधनहरुको प्रयोग दर पनि कम रहेकोछ । उच्च प्रजनन् दरका कारण बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत मानव विकासका क्रियाकलापहरुमा पर्याप्त लगानी गर्न गाह्रो हुन्छ । फलस्वरुपः जनसङ्ख्या को गुणस्तरमा बृद्धि हुदैन । यस अवस्थामा उक्त समूहलाई गरिवीको चक्रबाट मुक्त गरी गुणस्तरीय र उत्पादनशील बनाउन राज्यको भूमिका अपरिहार्य हुन्छ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले सवै नेपालीको त्यसमा पनि गरिव परिवारको जीवनको गुणस्तर बृद्धि गरी सानो तथा गुणस्तरीय परिवार निर्माण गर्दै जनसख्या व्यवस्थापनलाई सहज बनाई गरिवी निवारणमा सहयोग पुऱ्याउने प्रमुख लक्ष्य लिएको छ ।

प्रक्षेपित तथ्याङ्कले नेपालमा गरिवी घट्दो क्रममा भए पनि अझै लामो समयसम्म व्याप्त रहने देखाएको छ । अपेक्षित सफलता हासिल भएमा पनि सन् २०२७ सम्ममा गरिवी दर करिव १४ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । यसरी हेर्दा पनि गरिवी विरुद्धको सघर्ष अझै लामो समयसम्म चल्ने देखिन्छ । उक्त संघर्षलाई सामाजिक र आर्थिकका साथै जनसङ्ख्या  योजनाले निरन्तर प्राथमिकतामा राखी सम्बोधन गर्नेछ । गरिवी विरुद्धको सघर्षमा सफल हुन गरिवीको मुद्दालाई जानसांख्यिक दृष्टिकोणबाट विश्लेषण गरिनु पनि उत्तिकै जरुरी हुन्छ जति आर्थिक तथा समाजिक दृष्टिकोणबाट विश्लेषण गरिन्छ ।

नेपालले गरिवी न्यूनीकरणलाई विगत लामो समयदेखि मूल मुद्दा बनाउदै आएको छ । नेपालको दसौं योजनाले गरिवी न्यूनीकरणलाई केन्द्रमा राखी नीति तथा योजनाहरु निर्माण गरेको थियो र चालु त्रि-बर्षिय अन्तरिम योजना यसको निरन्तरता हो । गरिवी न्यूनीकरणका लागि प्रशस्त अन्तर्राष्ट्रिय प्रतिबद्धता आएका छन् । गरिवी हाल कुनै राष्ट्र, समुदाय, परिवार वा व्यक्तिको व्यक्तिगत समस्यामात्र नभै सम्पूर्ण विश्वको नै समस्या भएको छ । सहस्राब्दी विकास लक्षमा गरिवीलाई उच्च प्राथमिकता दिनुले पनि उक्त प्रतिबद्धतालाई दर्शाउँदछ । गरिवी न्यूनीकरणको लागि सरकारी तथा गैरसरकारी पक्षबाट स्थानीय तहमा कार्यक्रमहरु संचालन भैरहेका छन । तर ती कार्यक्रमहरु बीच समन्वय, पारदर्शिता, जफावदेहिता तथा ईमान्दारिता नहुदा अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन भने लक्षित समूहमा कार्यक्रमहरु पुग्न सकेका छैनन् ।

जनसख्या सम्वन्धी दीर्घकालीन योजनाले नेपालको बदलिदो सामाजिक, आर्थिक र राजनीतिक परिवेशमा गरिवीको विशेषतालाई नयाँ ढगंबाट परिभाषित गर्ने प्रयास गरेको छ । राज्य पुनर्संरचनाको महत्वपूर्ण समयमा जनसङ्ख्या र गरिवीको मुद्दालाई पनि ध्यानमा राखी जनताको जीवनस्तर उकास्न आवश्यक विश्लेषण यस जनसख्या सम्वन्धी दीर्घकालीन योजनाले गरेको छ । तसर्थ  साधन र स्रोतको उचित बाँडफाँड तथा राज्य पक्षको जिम्मेवारीलाई अझ सशक्त बनाउन दीर्घकालीन जनसङ्ख्या  योजना महत्वपूर्ण दस्तावेज हुनेछ ।

### २.४ आर्थिक पक्ष  (Economic Dimension)

जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले आर्थिक विकासलाई जनसङ्ख्या  नीतिले अङ्गिकार गरेका लक्षहरुमा पुग्न चाहिने साधन तथा स्रोतहरुको व्यवस्थापन गर्ने माध्यमको रुपमा लिएको छ । जनसाङ्ख्यिकसंक्रमणलाई सहजिकरण गर्न आर्थिक विकासले महत्वपूर्ण योगदान गर्दछ । जनसङ्ख्या  र विकास बीचको सम्बन्धलाई निर्धारण गर्ने एउटा प्रमुख पक्ष भनेको अर्थनीति हो । आर्थिक नीति तथा कार्यक्रमहरुले जनसाख्यिक प्रक्रियालाई प्रभाव पार्दछ । जनसङ्ख्या  बृद्धिले प्राकृतिक स्रोत र साधनहरुमाथि दवाव बढ्दछ । उचित आर्थिक विकासले मात्र दवावलाई कम गर्नुका साथै जनसङ्ख्या  बृद्धिलाई नियन्त्रण गर्न आवश्यक स्रोतहरुको व्यवस्था गर्न सक्दछ ।

**तालिका ४: प्राकृतिक स्रोतहरुमा जनसङ्ख्या को दवाब**

| | १९९१ | १९९६ | २००१ | २००६ | २०११ | २०१६ | २०२१ | २०२६ | २०३१ |
|---|---|---|---|---|---|---|---|---|---|
| **कूल जमिनको क्षेत्र (ब्यक्ति/हेक्टर)** | **१.२६** | **१.४२** | **१.५७** | **१.७६** | **१.९४** | **२.१२** | **२.२९** | **२.४४** | **२.५८** |
| हिमाल | ०.२८ | ०.३१ | ०.३३ | ०.३६ | ०.३९ | ०.४३ | ०.४६ | ०.४९ | ०.५१ |
| पहाड | १.३७ | १.५३ | १.६७ | १.८५ | २.०३ | २.२१ | २.३८ | २.५३ | २.६८ |
| तराई | २.५४ | २.९० | ३.३० | ३.७२ | ४.१४ | ४.५४ | ४.९१ | ५.२५ | ५.५५ |
| **कूल कृषियोग्य जमिनको क्षेत्र (ब्यक्ति/हेक्टर)** | ७.१२ | ८.०२ | ८.७२ | ९.७५ | १०.७७ | ११.७८ | १२.७१ | १३.५१ | १४.३० |
| हिमाल | ६.६० | ७.२५ | ७.७२ | ८.४९ | ९.२९ | १०.०९ | १०.८३ | ११.५० | १२.१९ |
| पहाड | ८.११ | ९.०४ | ९.८७ | १०.९३ | १२.०० | १३.०७ | १४.०७ | १४.९५ | १५.८५ |
| तराई | ६.१८ | ७.०६ | ८.०३ | ९.०६ | १०.०७ | ११.०६ | ११.९७ | १२.७५ | १३.५२ |
| **कूल बनक्षेत्र क्षेत्र (ब्यक्ति/हेक्टर)** | ३.६५ | ४.४८ | ५.४३ | ६.६१ | ८.०० | ९.४७ | ११.१४ | १२.९० | १४.८७ |
| **कूल पुर्ननविकरणीय जल (क्यू. मी/प्रति ब्यक्ति)** | **१२,११४** | **१०,७५३** | **९,६७५** | **८,६५३** | **७,८३६** | **७,१६७** | **६,६४१** | **६,२४८** | **५,९०५** |

नेपालको आर्थिक विकासको प्रशस्त सम्भावना हुँदाहुदै पनि परिणाम उत्साहप्रद छैन । हालसम्मको आर्थिक इतिहासमा राष्ट्रको समस्टिगत आर्थिक बृद्धिदर कहिल्यै पनि ६ प्रतिशत पुगेको छैन । नेपाल हाल पनि अतिकम विकसित राष्ट्रहरुको समूहमा पर्दछ । सन् १९५० को दशकमा योजनाबद्ध विकास शुरु भएपछि नेपालको आर्थिक बृद्धिदर औसत ४ प्रतिशत रहेको छ । यो दर जनसङ्ख्या  बृद्धिको अनुपातमा कम हो । हालको आर्थिक बृद्धिदरले बढ्दो जनसङ्ख्या का आवश्यकताहरु पूरा गर्न सक्दैन । एकातर्फ आर्थिक वृद्धिदर अत्यन्त कम छ भने अर्को तर्फ आयको असमान वितरणले धनी र गरीव बीचको खाडल बढी रहेको छ । आर्थिक नीतिले बढ्दो जनसङ्ख्या लाई उपयोग गरी आर्थिक वृद्धिदर बढाउन नसक्दा यो असन्तुलन आएको हो । यस प्रकारका असन्तुलन कम गर्न विशेष प्रकारका कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले जनसङ्ख्या लाई राष्ट्रको दायित्वमात्र नभै आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने लक्ष राखेको छ र आर्थिकनीतिले पनि जनसङ्ख्या को वर्तमान तथा भविष्यको संरचना, वितरण तथा बिशेषता अनुकूल हुने अपेक्षा राख्दछ । आर्थिक विकासले गरिवी घटाई जीवनस्तर सुधार्न मद्दत पुर्‍याउँदछ । जसको फलस्वरुपः प्रजनन् तथा मृत्युदरमा कमी आई जनसाङ्ख्यिकसंक्रमणको व्यवस्थापनमा सहजिकरण हुन्छ ।

**जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनामा आर्थिक नीति**

- आर्थिक नीतिले जानसांख्यिक संक्रमणलाई सहजीकरण गर्नेछ ।
- आर्थिक नीतिले जानसांख्यिक लाभांशको अवसरलाई उपयोग गरी आर्थिक विकासलाई जोड दिनेछ ।
- प्राकृतिक श्रोतहरुमाथि जनसङ्ख्या को दवावलाई कम गर्न जनसङ्ख्या को सापेक्ष वितरण तथा बैकल्पिक श्रोतहरुको पहिचान गर्ने छ ।
- फराकिलो तथा दिगो आर्थिक विकासका लागि मानव श्रोतको उचित परिचालन गर्नेछ ।
- गरीवमुखी आर्थिक विकासलाई महत्व दिई समातामूलक आर्थिक विकासमा जोड दिनेछ ।

आर्थिक उदारीकरण र विश्वव्यापिकरणले जनसाङ्ख्यिकप्रक्रियामा पार्ने असर र यसले गरिव तथा सीमान्तकृत समुदायमा पार्ने प्रभाव अर्थनीतिको अर्को महत्वपूर्ण पक्ष हो । विश्वव्यापिकरणले ल्याएका नकारात्मक प्रभावहरुलाई रोक्दै सकारात्मक अवसरहरुको दोहन गरी गरिव तथा पिछडिएका समुदायको जीवनस्तर उकास्न जनसख्या सम्वन्धी दीर्घकालीन योजनाले आर्थिकनीतिलाई उपयोग तथा सहयोग गर्नेछ । राष्ट्रिय अर्थनीतिलाई समावेशी तथा गरीवमुखी बनाई जनसख्या व्यवस्थापनको लक्ष हासिल गर्नु अर्को महत्वपूण उद्देश्य हो । आर्थिक विकासले रोजगारीका अवसरहरु निर्माण गरी ठूलो अनुपातमा रहेको युवाशक्तिको उत्पादनशीलतालाई उपयोग गर्नेछ ।

जसले गर्दा मुलुकमा हुन गएको आन्तरिक तथा वाह्य प्रतिभा पलायन (Brain Drain) जस्तो समस्याबाट देशलाई जोगाउन सकिनेछ । यसलाई व्यवस्थापन संग समन्वय गरेर समेत हेर्नुपर्ने देखिन्छ । विगतको अर्थनीतिले जनसङ्ख्या का मुद्दाहरुलाई प्रत्यक्ष रुपमा सम्बोधन गरेको पाईदैन । उदाहरणको लागि दुई सन्तान भएका परिवारलाई प्रोत्साहन गर्नको लागि ल्याइएको कर सुविधा नीतिले पनि अपेक्षित उपलब्धी हासिल गर्न सकेन । किनकी त्यस्ता नीतिको प्रभाव ग्रामीण तहसम्म पुग्न सकेन जहाँ प्रजनन्दर उच्च छ । प्रजनन्दर उच्च भएका परिवारहरु कमजोर आर्थिक अवस्थाका कारण करको दायरा भित्र नै पर्दैनन् । त्यसकारण कर सुविधा नीतिले पनि केवल शहरी र उच्च वर्गलाई मात्र फाईदा पुगेको पाईन्छ । स्वास्थ्यको लागि स्थानीयतहमा संचालित परम्परागत प्रविधि तथा स्रोतलाई थप विकास गर्नु पर्ने देखिन्छ । नेपालका विगतका अर्थनीतिहरुले जनसङ्ख्या  वृद्धि नियन्त्रण गर्नेभन्दा पनि जनसङ्ख्या को पुनर्वितरणलाई जोड दिएका थिए । प्रथम पञ्च वर्षीय तथा दोश्रो तीन वर्षीय योजनाले हिमाली र पहाडी क्षेत्रबाट तराईमा पुनर्वास गराउने योजना ल्याएका थिए । तर व्यवस्थित प्रावधानको अभावमा तत्कालीन योजनाले हालको जनसङ्ख्या  व्यवस्थापनमा असर पारेको छ । अर्थनीतिले व्यवस्थित बसाइ सराइ र सन्तुलित क्षेत्रीय विकासलाई जोड दिन नसक्दा जनसङ्ख्याको वितरण असमान भएको हो । अर्थनीति गरीवमुखी तथा ग्रामीण क्षेत्रलाई प्राथमिकता दिने खालको नभएसम्म जनसङ्ख्या  व्यवस्थापनका मुद्दाहरुलाई समेट्न सकिदैन । किनकी जनसङ्ख्या व्यवस्थापनको केन्द्र भनेकै गरिव घरपरिवार हुन र जो ग्रामीण क्षेत्रमा बसोवास गर्दछन् । आर्थिक विकासले जनसङ्ख्या  व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने विषयहरु - शिक्षा, स्वास्थ्य, ग्रामीण पूर्वाधार, रोजगारी, सामुदायिक सहभागिता, महिला सशक्तिकरण जस्ता महत्वपूर्ण पक्षहरुलाई सम्बोधन गर्नु पर्दछ । जनसख्या सम्वन्धी दीर्घकालीन योजनाले अर्थनीतिलाई कल्याणकारी तथा उत्पादनशील दुबैको समिश्रणबाट जनसाङ्ख्यिकसंक्रमणको सहजिकरणको लागि उपयोग गर्नेछ । साथै आर्थिक विकासको मात्रात्मक नभई गुणात्मक वृद्धिमा योगदान दिनेछ ।

**तालिका ५: आश्रित अनुपात, १९९१-२०२६**

| | १९९१ | २००१ | २००६ | २०११ | २०१६ | २०२ १ | २०२७ |
|---|---|---|---|---|---|---|---|
| बाल आश्रित अनुपात | ०.७७ | ०.६९ | ०.६५ | ०.५८ | ०.५३ | ०.४६ | ०.४ १ |
| बृद्ध आश्रित अनुपात | ०.०६ | ०.०७ | ०. ११ | ०. ११ | ०. ११ | ०.१२ | ०. १३ |
| कूल आश्रित अनुपात | ०.८३ | ०.७६ | ०.७६ | ०.६९ | ०.६४ | ०.५८ | ०.५४ |

जनसाङ्ख्यिक संक्रमणको समयमा जनसङ्ख्या को उमेर बनौटमा परिर्वतन आउँदछ । सक्रमणको पछिल्लो चरणमा काम गर्ने उमेर समूहको जनसङ्ख्या मा वृद्धि हुन्छ । सो समयमा आश्रित अनुपात घटेको हुन्छ । यो समय भनेको जनसाख्यिक लाभांशको समय हो । अध्ययनहरुले नेपालमा यो अवसर सन् २००० बाट सुरु भएर सन् २०४० सम्म रहने देखाएका छन् । यो समयमा राष्ट्रले उपयुक्त आर्थिक तथा जनसङ्ख्या  नीति बनाएमा आर्थिक विकासले ठूलो फडको मार्न सक्दछ । तसर्थ जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले यो अवसरलाई सदुपयोग गरी बृहत आर्थिक विकास गर्ने र उक्त आर्थिक विकासले गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याई समग्र नेपालीको जीवनस्तर उकास्ने लक्ष राखेको छ ।

अर्थतन्त्रलाई बलियो बनाउन महिला, आदिवासी जनजाति, दलित, पिछडिएको क्षेत्र तथा मधेशी सबैको समान सहभागिता आवश्यक हुन्छ । अर्थत्रन्त्र समावेशी तथा बलियो भएमा अन्य विकासका कार्यक्रमहरु पनि सफल हुन्छन् । राज्यले समाजिक सुरक्षा तथा मानव विकासमा लगानी गर्न आवश्यक स्रोतको व्यवस्था गर्न सक्दछ । तर आर्थिक विकाससंग मानव विकासका अन्य कार्यक्रमहरु पनि संगसगै लैजानु पर्ने हुन्छ । आर्थिक विकास गर्दा स्रोत तथा अवसरहरुको असमान वितरण घटाउन विशेष जोड दिनु पर्दछ । समग्रमा जनसख्या सम्वन्धी दीर्घकालीन योजनाले अर्थतन्त्रलाई समावेशी र गुणस्तरीय बनाई जनसाङ्ख्यिक संक्रमणलाई सहजिकरण गर्न विशेष जोड दिएको छ ।

## २.५ बसाइ सराइ तथा जनसङ्ख्याको भौगोलिक वितरण (Migration and Spatial Dimension)

नेपाल भौगोलिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण देश हो । यसले नेपालको जनसङ्ख्या को वितरणलाई पनि विशिष्ट बनाएको छ । ती विविधताले जनसाङ्ख्यिकप्रक्रियाहरुलाई पनि असर पुऱ्याई रहेको हुन्छ । भौगोलिक विविधता अनुसारको जनसङ्ख्या को विशेषताहरुलाई मनन् गरी बनाईएका योजनाहरु यथार्थतामा आधारित हुन्छन् र अपेक्षित प्रतिफल पनि दिन सक्दछन । जनसङ्ख्या को वितरण तथा चरित्रलाई आधार मानेर बनाइएका योजनाहरुले लक्षित वर्गमा सेवा तथा सुविधा पुऱ्याउने हुँदा जनसङ्ख्या को वितरणको विश्लेषण हुनु जरुरी हुन्छ । बसाइसराइ, शहरीकरण र वातावरणीय स्रोत व्यवस्थापन आपसमा अन्तर्निहित हुन्छन् । यिनीहरुले एक अर्कालाई प्रभावित पारिरहेका हुन्छन् र सामुहिकरुपमा यिनीहरुले क्षेत्र विशेषको विकासको अवस्थालाई पनि झल्काउँदछन् । बसाँइसराइँ, शहरीकरण तथा वातावरणीय परिवर्तन जनसाख्यिक अवस्थाबाट प्रभावित हुन्छन् र तिनीहरुले जनसङ्ख्या को विशेषता तथा वितरणलाई उत्तिकै असर पारिरहेका हुन्छन । उदाहरणको लागि केही दशक अगाडिसम्म धेरै न्यून भएको तराईको जनघनत्व हाल अत्यधिक बढ्नुले सोही कुराको पुष्टि गर्दछ । जनसङ्ख्या को भौगोलिक तथा प्रादेशिक वितरणमा मुख्यतः बसाइ सराइ, शहरीकरण र जनसङ्ख्या र वातावरण बीचको सम्बन्धलाई विशेष जोड दिइन्छ ।

### २.५.१ बसाइ सराइ (Migration)

नेपालको जनसङ्ख्या व्यवस्थापनको एउटा प्रमुख समस्या भनेको अव्यवस्थित बसाँइ सराइँ हो । बसाइ सराइलाई रोक्न वा बन्देज लगाउन सकिदैन । जनसङ्ख्यासराई स्वेच्छिक र वाध्यकारी गरी दुई कारणबाट हुन्छ । मानिसको चाहना वा स्व-निर्णयबाट हुने बसाइ सराइ स्वेच्छिक हो । यस्तो बसाइ सराइ प्रायः गरेर कम विकसित क्षेत्रबाट बढी विकसित क्षेत्रमा हुन्छ । नेपालको सन्दर्भमा कम विकसित ग्रामीण क्षेत्रबाट बढी विकसित ग्रामीण क्षेत्रमा हुने बसाइ सराइ अत्याधिक छ । हालका दिनहरुमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा पनि बसाइ सर्ने क्रम तीब्र रुपमा बढ्दो छ । बढ्दो शहरीकरणले यो प्रवृतिको पुष्टि गर्दछ । त्यसैगरी हिमालबाट पहाड र हिमाल र पहाडबाट तराईमा पनि बसाई सर्ने क्रम अत्याधिक छ । तर यो क्रम विगतमा भन्दा केही कम भएको अनुमान गरिएको छ । यस प्रकारको असन्तुलित बसाइ सराइले विकास निर्माणमा पनि असन्तुलन ल्याउछ । सन् २००१ को जनगणना अनुसार कूल आन्तरिक बसाइ सराइमा करिव ६८ प्रतिशत ग्रामीण क्षेत्रबाट ग्रामीण क्षेत्रमा नै भएको देखिन्छ भने करिव ९४ प्रतिशत बसाइ सराइ कर्ताहरुको उद्‌गम स्थान ग्रामीण क्षेत्र थियो । त्यसैगरी, ७१.७ प्रतिशतको गन्तब्य स्थान ग्रामीण क्षेत्र रहेको थियो भने २८.३ प्रतिशतको गन्तब्य स्थान शहरी क्षेत्र थियो (तालिका ६) ।

**तालिका ६ः नेपालमा बसाइ सराइको प्रबृति, २००१ (%मा)**

| उद्‌म स्थान | गन्तब्य स्थान | | कूल |
|---|---|---|---|
| | ग्रामीण क्षेत्र | शहरी क्षेत्र | |
| ग्रामीण क्षेत्र | ६८.२ | २५.५ | ९३.७ |
| शहरी क्षेत्र | ३.५ | २.८ | ६.३ |
| **कूल** | **७१.७** | **२८.३** | **१००** |

बसाइसराईको अर्को प्रकार भनेको वाध्यकारी बसाइ सराइ हो । यस्तो प्रकारको बसाइ सराइ मानिसको नियन्त्रणभन्दा बाहिर हुन्छ । कुनै योजना विना नै उनीहरु बसाई सर्न बाध्य हुन्छन् । प्राकृतिक प्रकोप, आन्तरिक तथा बाह्य द्वन्द आदिका कारण हजारौ मानिसहरु वर्षेनी बसाई सर्ने गर्दछन् । नेपालको सन्दर्भमा विगतको सशस्त्र द्वन्दका कारण हजारौ मानिसहरु विस्थापित भए । हाल शान्ति प्रक्रिया अगाडि बढी रहेको सन्दर्भमा धेरै विस्थापितहरु फर्किए तापनि अझ धेरै मानिसहरु त्यसै अलपत्र परेका छन् । तराईमा हाल पनि सशस्त्र द्वन्द जारी रहेकाले त्यहाँबाट विस्थापित हुने क्रम जारी छ ।

बसाइ सराइका बिभिन्न कारणहरु हुन्छन् । शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारको अभाव, रोजगारीको अवसर नहुनु, वातावरणीय प्रतिकूलता र भौगोलिक विषमता बसाइ सराइका प्रमुख कारणहरु हुन । राज्य तथा निजी क्षेत्रले त्यस्ता क्षेत्रहरुमा लगानी गरी ग्रामीण स्तरसम्म विकास तथा अवसरहरु श्रृजना गर्न सके बसाइ सराइलाई व्यवस्थित गर्न सकिनेछ । बसाइ सराइको आर्थिक, सामाजिक, सांस्कृतिक तथा जनसाङ्ख्यिक परिणाम पनि हुन्छ । बसाइ सराइले उद्गम स्थान र गन्तब्य स्थानमा फरक-फरक असर पार्दछ । बसाइ सराइको दर उच्च भए उद्गम स्थानमा काम गर्ने उमेरको तथा शिक्षित जनशक्तिको अभाव हुन्छ । जसले गर्दा विकासका कार्यक्रमहरुलाई नै नकारात्मक असर पुर्‍याउँदछ । त्यस्ता कारण तथा परिणामहरुको लेखाजोखा गरी बसाइ सराइको प्रक्रियालाई व्यवस्थित बनाउन जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको आवश्यकता पर्दछ ।

नेपालको आन्तरिक बसाइ सराइ आगामी दिनहरुमा अझ बढ्ने देखिन्छ । जनसङ्ख्या  बृद्धिदरमा कमी आए पनि बसाइ सराइ दरमा भने कमी आउने छैन । सन् २०१२ मा कूल जनसङ्ख्या को १०.२ प्रतिशत जनसङ्ख्या आन्तरिक बसाइ सराइ गर्नेछन भने २०२७ मा यो प्रतिशत बढेर १३.६ पुग्ने अनुमान गरिएको छ । हालकै अन्तरप्रादेशिक जनसङ्ख्या  अनुपात र प्रादेशिक संरचना कायम रहेमा २०२७ सम्ममा करिव ७० लाख मानिसहरुले बसाइ सराइ  गर्नेछन् ।

बसाइ सराइको अर्को महत्वपूर्ण पक्ष भनेको बाह्य बसाइ सराइ हो । नेपालबाट देशबाहिर जाने र अन्य देशबाट विभिन्न कारणले नेपाल भित्रिने जनसङ्ख्या  यो समूहमा पर्दछन् । बाह्य बसाइ सराइमा नेपाल र भारत बीच नै धेरै हुन्छ । खुला सीमाना र आर्थिक, सामाजिक तथा साँस्कृतिक समानताका कारण नै यी दुई देशबीच बसाइ सराइ बढी भएको हो । हालका दिनहरुमा आएर श्रमको लागि भारत बाहेकका तेश्रो मुलुकहरुमा बसाई सर्ने क्रम तीब्र भएको छ । स्वदेशमा रोजगारीका अवसरहरु नभएका कारण युवाहरु कामको लागि खाडी लगायतका देशहरुमा जाने गर्दछन् । यसबाट प्राप्त हुने विप्रेषणले केही फाईदा पुर्‍याए पनि कालान्तरमा यसलाई निरुत्साहित गर्नु नै राष्ट्रका लागि श्रेयकर हुनेछ । यस्तै बाह्य बसाइ सराइमा हाल देखिएको नयाँ प्रवृति शैक्षिक बसाइ सराइ हो । सयौं मात्रमा नेपाली युवाहरु शिक्षाको लागि विदेशिने गरेका छन् । त्यो समूहमा शिक्षित र आर्थिकरुपले सक्षम युवाहरु नै पर्दछन् । ती युवाशक्ति शिक्षा पूरा गरेपछि पनि उतै काम गरेर बस्ने हुनाले देशले ठूलो सम्पत्ति गुमाउने गरेको छ । त्यस्ता युवाहरुलाई स्वदेश फर्किन प्रेरित गर्ने र उनीहरुको सीप र क्षमता अनुसार रोजगारी अवसरहरु प्रदान गरिएमा प्रतिभा पलायनको जटिल समस्या हल हुन सक्दछ ।

बसाइ सराइलाई पूर्णतः रोक लगाउन नसकिएता पनि यसलाई व्यवस्थित गर्न समयमा नै प्रभावकारी योजना निर्माण नगरेमा यसले जनसङ्ख्या  वितरणमा असन्तुलन बढाउँछ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले बसाइ सराइलाई सामाजिक, आर्थिक तथा राजनीतिक पक्षसँग जोडेर आवश्यक कार्यनीतिहरु बनाउनेछ । बसाइ सराइका सकारात्मक पक्षहरुलाई समेट्दै नकारात्मक असरहरु कम गर्न उद्गम तथा गन्तव्य स्थान दुवैमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ । साथै अव्यवस्थित बसाइ सराइले गन्तव्य स्थानका भौतिक पूर्वाधारहरुमाथि अनावश्यक दवाव थप्ने गर्दछ । तसर्थ, विकासका पूर्वाधारहरु निर्माण गर्दा बसाइ सराइको दर तथा प्रवृतिलाई पनि विशेष ध्यान दिन प्रोत्साहित गरिनेछ जसले गर्दा ती पूर्वाधारहरुले लामो समयसम्म काम गर्नेछन्  ।

बसाइ सराइलाई व्यवस्थित गर्न प्रायः चार प्रकारका रणनीतिहरु अपनाइनेछन् -१) बसाइ सराइलाई रोक्ने (Stop), २) बसाइ सराइको प्रवाहलाई कम घनत्व भएका र नयाँ शहरहरु तर्फ मोड्ने (Redirect), ३) बसाइ सराइकर्तालाई उद्गम स्थान फर्काउने (Return) र ४) बसाइ सराइकर्तालाई गन्तब्य स्थानमा नै सुविधाहरु उपलब्ध गराई व्यवस्थित गर्ने (Accommodate) ।  जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले उल्लेखित चारवटा रणनीतिलाई आफ्नो कार्यनीति बनाई बसाइ सराइलाई व्यवस्थित गर्न आवश्यक कार्यनीति निमार्ण गर्नेछ ।

### २.५.२ शहरीकरण (Urbanization)

जनसङ्ख्याको वितरणमा प्रभाव पार्ने अर्को पक्ष भनेको शहरीकरण हो । नेपालको अबको यात्रा पनि शहरीकरणको नै हो । शहरीकरणलाई जनसङ्ख्या वृद्धि तथा बसाइ सराइले असर पारेको हुन्छ । त्यसमा पनि शहरीकरण र बसाइ सराइ बीच अन्योन्याश्रित सम्बन्ध छ । दुबै एकअर्काका कारण तथा परिणामहरु हुन् । आर्थिक विकासको क्रममा कृषि अर्थतन्त्रबाट गैर-कृषि अर्थतन्त्र तर्फ जाँदा शहरीकरण पनि बढ्दै जान्छ । नेपाल शहरीकरणका हिसावले निकै पछाडि छ ।

नेपालमा शहरीकरणको परिभाषामा एकरुपता नहुँदा शहरीकरणको विश्लेषणमा नै समस्या उत्पन्न भएकोले परिभाषालाई एकरुप बनाउनु पर्दछ । शहरीकरण एउटा प्रक्रिया हो । यसले शहर हुनका लागि सामाजिक तथा आर्थिक विकासले योग्य भएका स्थानहरुको जनसङ्ख्याको प्रवृतिलाई जनाउँदछ । तसर्थ शहरीकरणले सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक महत्व बोकेको हुन्छ । सन् २००१ को जनगणना अनुसार नेपालको कूल जनसङ्ख्या को १३.९ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्दछन् । यो अनुपात क्रमशः बढ्दै सन् २०१७ मा २३ प्रतिशत र २०२७ मा ३१ प्रतिशत पुग्ने अनुमान गरिएको छ । जनसङ्ख्याको बृद्धिदर बसाइ सराइका कारणले ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा धेरै बढी हुन्छ ।

नेपालको शहरीकरण व्यवस्थित हुन सकेको छैन । शहर हुनलाई आधारभूत शर्तहरु पूरा नभएका स्थानहरु पनि विविध कारणले नगरपालिका घोषणा गरिएका छन् भने कयौ शहर हुनलाई योग्य स्थानहरुलाई ग्रामीण क्षेत्रमा राखिएको छ । शहरीकरण व्यवस्थित नहुँदा शहरी जीवन कष्टप्रद हुनुका साथै शहरी-गरिवी (Urban Poverty) समस्याको रुपमा खडा भैरहेको छ । शहरीकरणको दरलाई मध्यनजर नगरी बनाएका भौतिक पूर्वाधारहरुले शहरी बासिन्दालाई सेवा पुऱ्याउन सकेका छैन् भने पूर्वाधारहरुको ग्रामीण तहसम्म विस्तार नहुदा ग्रामीण स्थानबाट हुने बसाइसराई कम हुनुको सट्टा झन बढिरहेको छ । शहरीकरणमा पनि केही प्रमुख शहरहरुको आधिपत्य छ । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले शहरीकरणको परिभाषालाई एकरुपता दिदै व्यवस्थित शहरीकरणमा जोड दिने र त्ससबाट जनसाख्यिक प्रक्रियाहरुमा पर्न जाने असरहरुलाई सम्बोधन गर्ने रणनीति लिएको छ ।

प्रजनन् दरलाई घटाई प्रतिस्थापन तहमा ल्याउन शहरीकरण अत्यावश्यक छ । शहरीकरणले मानिसको जीवनस्तर उकास्नका साथै स्वास्थ्य, शिक्षा, रोजगारी, सञ्चार तथा परिवार नियोजनका सेवाहरुको पहुँचमा वृद्धि गर्दछ । एकल तथा सानो परिवारको अवधारणा विकसित हुदै गएको सन्दर्भमा शहरीकरणले त्यस्तो धारणालाई प्रोत्साहन गर्दछ । विश्वको जनसाङ्ख्यिक इतिहासमा पनि प्रजनन् दरको नियन्त्रणमा सामाजिक तथा आर्थिक विकास र बढ्दो शहरीकरणको ठूलो भूमिका रहेको जनसाङ्ख्यिक संक्रमणको सिद्धान्त (Demographic Transition Theory) ले व्याख्या गरेको छ ।

शहरीकरणलाई व्यवस्थित गर्दै साना तथा व्यवस्थित शहरको विकास गर्ने लक्ष जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाको रहेको छ । शहरभित्रका गरिव, महिला तथा पिछडिएका वर्गको जीवनस्तर उकास्ने खालका कार्यक्रमहरुको निर्माण गर्ने, ग्रामीण क्षेत्रहरुलाई शहरोन्मुख क्षेत्रको रुपमा विकास गर्ने र शहरी क्षेत्रमा आवास, खानेपानी, सडक, शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरु श्रृजना गर्ने जस्ता आधारभूत कार्यहरुमा योजनाहरु केन्द्रित हुनेछन् । आवश्यक पूर्वाधार पूरा भएका क्षेत्रहरुलाई शहरी क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ । शहरी क्षेत्रको संख्यात्मक वृद्धिमात्र नभई गुणात्मक वृद्धिमा विशेष जोड दिईनेछ । शहरीकरणलाई राष्ट्रिय विकासको लक्ष्यसंग एकताबद्ध गर्दै शहरी सुविधा तथा वातावरणको गुणस्तरमा वृद्धि गर्दै लगिनेछ र उपलब्ध पूर्वाधारहरुको उचित व्यवस्थापन गर्दै बढीभन्दा बढी सुविधाहरु विस्तार गरिनेछ । हालसम्मको शहरीकरणले केही प्रमुख शहरहरुको बर्चस्व स्थापित गरेको छ । जनसङ्ख्याको आकारलाई आधार बनाई सामाजिक तथा आर्थिक विकासका पूर्वाधारहरुको विकास र जनसङ्ख्याका अन्य विशेषताहरुलाई आधार बनाई शहरी क्षेत्र घोषणा गर्ने प्रक्रियाको

लागि जोड दिइनेछ । क्षेत्रीय सन्तुलनमा योगदान दिने साना शहरको विकासमा जोड दिइनेछ । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले शहरीकरणसंग जनसङ्ख्याका मुद्दाहरुलाई एकीकृत गरी लैजाने कार्यनीति निर्माण गर्नेछ ।

### २.५.३ जनसङ्ख्या र वातावरण (Population and Environment)

जनसङ्ख्याले वातावरणको सुदृढिकरण तथा विनास दुवैमा भूमिका खेल्दछ । वातावरण अन्तर्गत जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले वनजंगल तथा जमिनको अवस्थालाई विशेष जोड दिनेछ । जनसङ्ख्या वृद्धिसंगै जमिन तथा वनजंगलको प्रयोगमा वृद्धि हुन्छ । जनसङ्ख्या वृद्धि, परिवार विभाजन तथा बढ्दो शहरीकरणले खेतीयोग्य जमीनलाई विभाजन गर्नुका साथै घना बस्तीमा परिणत गरी रहेको छ । यसले कृषिमाथि निर्भर रहने परिवारलाई प्रत्यक्ष असर पुऱ्याएको छ । तसर्थ जमिनको उपयोगलाई उत्पादनको लागि व्यावसायिकरण गर्ने र वास्तविक किसानको जमिन माथिको हक स्थापित गर्नलाई जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले जोड दिनेछ । जलवायु परिवर्तनको कारणले जनसङ्ख्या तथा विकासमा पर्ने असरहरु न्यूनिकरण गर्ने कार्यक्रमहरु ल्याइनेछन् ।

केही समय अगाडिसम्म प्रशस्त सम्भावना बोकेको वनसम्पदा बढ्दो जनसङ्ख्या को चाँप, शहरिकरण तथा तस्करीका कारण दिनप्रतिदिन विनास भैरहेको छ । वनसम्पादाको आर्थिक, व्यवसायिक तथा पर्यावरणीय महत्व रहन्छ । यसले गरिव परिवारलाई जीवन निर्वाहको बलियो विकल्प प्रदान गर्दछ । जमिन, जंगल र जलस्रोतको गरिव घरपरिवारसंग गहिरो सम्वन्ध हुन्छ । यि स्रोतहरुको उचित परिचालनबाट गरिवी न्यूनिकरणमा ठोस योगदान पुग्दछ । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले यि सम्पादाहरुको गरिव तथा सीमान्तकृत समुदायको हितमा प्रयोग गरी गरिवी निवारणमा सहयोग पुऱ्याइ राष्ट्रिय विकास गर्ने लक्ष राखेको छ ।

## २.६ लैङ्गिक मूलप्रवाहिकरण (Gender Mainstreaming)

लैङ्गिक मूलप्रवाहिकरणले विकासका क्रियाकलापहरुलाई एक पक्षीयमात्र नभइ बढी समावेशी तथा लैङ्गिकमैत्री बनाउँदछ । विकासका क्रियाकलापहरु हालसम्म पुरुष प्रधान थिए भने महिलाहरुलाई लाभांश प्राप्तकर्ताको रुपमा मात्र सीमित गरिन्थ्यो । तर अव विकास निर्माणका हरेक तहमा महिलालाई पनि समान सहभागि गराइए मात्र विकासले उचित दिशा लिन सक्छ भन्ने अवधारणामा विश्व नै सहमत भएको छ । यसै क्रममा सन् १९९४ को कायरो सम्मेलन र सन् १९९५ बेइजिङ्ग सम्मेलनले लैङ्गिक मूलप्रवाहिकरणलाई विशेष जोड दिने कार्यनीति पारित गरेको छ । जसको नेपाल पनि पक्ष राष्ट्र हो । जनसङ्ख्या योजनाले लैङ्गिक मूलप्रवाहिकरणको दृष्टिकोणबाट लैङ्गिक असमानता हटाउन महत्वपूर्ण भूमिका खेल्नेछ । लैङ्गिक अवधारणाले महिलाहरु विकासका

**जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनामा लैङ्गिक मूलप्रवाहिकरण**

- स्रोत तथा अवसरहरुको पहुँचमा लैङ्गिक समाता तथा समानता सुनिश्चित गरिनेछ ।
- मूलप्रवाहिकरणको लागि आवश्यक पर्ने संस्थागत संयन्त्रलाई सवलिकरण गरिनेछ ।
- सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रलाई अझ लैङ्गिक सम्बेदनशील बनाउने निरन्तर प्रयास गरिनेछ ।
- रणनीतिक तथा नीतिगत तहमा महिलाहरुको प्रतिनिधित्वलाई पैरवी गरिनेछ ।
- महिलाहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा मानव अधिकारको रक्षाका लागि विशेष प्रयासहरु गरिनेछन् ।
- विकास निर्माणका सवै क्रियाकलापहरुलाई समावेशी बनाइनेछ ।
- संरचनागत असमानतालाई सम्बोधन गरिनेछ ।
- सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक सम्बेदनशील बनाईने छ ।

निर्णयकर्ता हुन् प्रतिफल प्राप्त गर्ने निश्क्रिय पात्रमात्र होइनन् भन्ने मान्यता राख्दछ । मूलप्रवाहिकरण भन्नाले विकास निर्माणका नीतिहरु, कार्यक्रम/परियोजनाहरु तथा उद्देश्यहरुलाई लैङ्गिक संवेदनशील बनाउनु हो ।

लैङ्गिक मूलप्रवाहिकरणले सामाजिक, आर्थिक, राजनीतिक र पारिवारिक जीवनमा लैङ्गिक मुद्दाहरुलाई समेट्नुका साथै लैङ्गिक हिंसाको मात्रा र प्रवृतिलाई मध्यनजर गर्दै हिंसा रहित समाज निर्माण गर्न राष्ट्रिय नीति तथा कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउने र नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि संस्थागत संयन्त्रको विकास गर्न जोड दिन्छ । लैङ्गिक मुद्दाहरु जनसङ्ख्या  समस्याको केन्द्रमा रहेका हुन्छन् ।  महिलाविरुद्ध हुने कानूनी, सामाजिक-आर्थिक, शैक्षिक, स्वास्थ्य तथा स्रोतहरुको पहुँच तथा परिचालनमा हुने विभेदहरुलाई न्यूनिकरण गरी समतामूलक समाजको निर्माणमा जोड दिनु जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको उद्देश्य रहेको छ ।

नेपालले विगत केही वर्षहरुमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । जसले महिलाहरुको जीवनस्तर उकास्नलाई निकै मद्दत पुऱ्याएको छ । लैङ्गिक विकास सूचकाङ्कमा भएको वृद्धिले महिला र पुरुषबीचको आर्थिक तथा सामाजिक भिन्नतामा थोरै भएपनि कमी आएको छ । तर यि उपलब्धिहरु सबै क्षेत्र, वर्ग र जातीयताका  महिलाहरुमा समान रुपमा वितरित छैनन् । कम विकसित क्षेत्रहरुमा सुधारको क्रम सुस्त छ भने विभेद पनि उच्च रहेको छ । महिलाहरुको विकास निर्माण, सामाजिक तथा आर्थिक क्षेत्रमा सहभागितामा वृद्धि भए तापनि निर्णायक तहमा भने हुन सकेको छैन ।

नेपालको कूल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरुको आर्थिक, सामाजिक तथा राजनीति सहभागिता तुलानात्मक रुपमा निकै कम छ । महिलाहरुको आर्थिक क्रियाकलापमा सहभागिता वृद्धि भए पनि आयआर्जनको परिचालनमा स्वतन्त्रता छैन । महिलाहरु विशेषतः कृषि क्षेत्रमा सीमित छन् भने गैरकृषि क्षेत्रमा अदक्ष तथा तल्लो तहको काममा मात्र सीमित छन् । नीति निमार्णको तहमा महिलाहरुको सहभागितामा विगतको तुलनामा वृद्धि भए तापनि त्यो पर्याप्त छैन । महिलाहरु आफ्नो व्यक्तिगत जीवनसंग सम्बन्धित विषयहरुमा समेत निर्णय लिन स्वतन्त्र छैनन् । नेपालमा उत्पादन क्षेत्रका रोजगार जनशक्तिको करिव ४५ प्रतिशत महिलाहरु छन् भने प्रशासकीय क्षेत्रमा १४ प्रतिशत मात्र महिलाहरु छन् । आर्थिक रुपले सक्रिय महिलाहरुको ठूलो हिस्सा स्वरोजगार वा पारिवारिक श्रममा रहेको छ । महिलाहरुले समान कामका लागि पुरुषभन्दा कम ज्याला पाउँछन् । आर्थिक क्रियाकलापमा महिलाहरुको सहभागितमा वृद्धि भए तापनि स्रोतहरुको परिचालनमा उनीहरुको अधिकार स्थापित हुन सकेको छैन ।

महिलाहरुको सम्पत्तिमाथिको स्वामित्व ज्यादै कम छ । सन् २००१ को जनगणनामा ११ प्रतिशत घरपरिवारका महिलाको स्वामित्वमा जग्गा र ५.५ प्रतिशत महिलाको स्वामित्वमा घर रहेको देखाएको छ । तथ्यहरुले महिलाहरुलाई गरिवहरुमध्येको पनि गरिव देखाएका छन् । गरिबीको असर सबैभन्दा बढी महिलाको स्वास्थ्य, शिक्षा, रोजगारी तथा अन्य वैयक्तिक स्वतन्त्रता माथि परेको छ । महिलाहरु स्वतन्त्र, सशक्त र सक्षम भए भने प्रजनन् प्रक्रिया महिलाहरुको नियन्त्रणमा हुन्छ । जुन प्रजनन् दरलाई प्रतिस्थापन तहमा ल्याउन अत्यावश्यक शर्त हो । प्रजनन् दरमा नियन्त्रण गर्न महिलाको सर्वपक्षीय विकास गर्नु अनिवार्य हुन्छ र जुन लैङ्गिक मूलप्रवाहिकरण विना सम्भव हुदैन । तसर्थ, जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले लैङ्गिक मूलप्रवाहिकरणलाई विशेष जोड दिएको छ । यसका लागि योजनामा नीति निर्माण तहमा महिलाहरुको सहभागितामा वृद्धि गर्ने, स्रोतहरुको परिचालनमा अधिकार स्थापित गर्ने, प्रजनन् स्वास्थ्यमा अधिकार स्थापित गर्ने, सामाजिक-आर्थिक विकासमा भएका असमानता हटाई विभेद रहित समाज निमार्ण गर्ने जस्ता रणनीतिहरु लिएको छ ।

नेपालमा हालसम्म लैङ्गिक मूलप्रवाहिकरणका लागि गरिएका प्रयासहरु सह्रानीय भए पनि स्पष्ट कार्यदिशा, प्रतिबद्धता र संरचनागत विकासको अभावमा अपेक्षित सफलता हासिल हुन सकेको छैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण सकारात्मक भएको अवस्थामा लैङ्गिक सवालहरुलाई विकासका दीर्घकालीन नीतिहरुसंग

एकीकरण गर्दै कार्यान्वयन गरेमा सफलता प्राप्त हुनेछ । लैङ्गिक मूलप्रवाहिकरणलाई समष्टिगत आर्थिक नीतिले समेट्न नसकेको अवस्थामा आर्थिक नीतिलाई लैङ्गिकमैत्री बनाउन जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले भूमिका खेल्नेछ । जनसङ्ख्या  व्यवस्थापनका नीति निर्माण देखि लिएर तहगत कार्यान्वयनका क्रियाकलापमा महिला सहभागिता सुनिश्चित गराईनेछ । महिलालाई पुरुषका निर्णयहरुको आवाजविहीन साक्षी  मात्र नबनाई साझेदार तथा निर्णयकर्ता बनाइनेछ । उनीहरुको भावनाको उचित सम्मान गरी क्षमता वृद्धिका अवसरहरु प्रदान गरिनेछ ।

महिलामाथि लगानी अहिलेको आवश्यकता हो । शिक्षा,स्वास्थ्य,कुपोषण आदिमा महिलामाथिको लगानीको पुस्तौसम्म गुणात्मक प्रभाव रहन्छ । सन् २००९ को विश्व जनसङ्ख्या  दिवसले पनि यो कुरालाई विशेष जोड दिएको छ । हालका सर्वेक्षणहरुले महिलाको साक्षरता प्रतिशत बढेर ५३ प्रतिशत पुगेको देखाएको छ, जुन पुरुषको तुलनामा २० प्रतिशतभन्दा बढीले कमी हो । यो एक दशक अगाडि करिव ३० प्रतिशतको थियो । यसले पनि स्थितिमा क्रमिक सुधार आएको देखाएको छ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले सुधारिएको स्थितिको फाईदा उठाउदै सामाजिक तथा आर्थिक पक्षबाट महिलाहरुलाई स्वायत्त र सक्षम बनाई लैङ्गिक बिभेद हटाउने र जनसङ्ख्या  व्यवस्थापनमा सकारात्मक योगदान पुर्‍याउने लक्ष्य राखेको छ ।

### २.७ सामाजिक पक्ष (Social Dimesion)

जनसङ्ख्याको सामाजिक पक्षले सामाजिक विविधताले जनसाङ्ख्यिक प्रक्रियामा पार्ने असर र जनसाङ्ख्यिक प्रक्रियाले सामाजिक संरचनामा पार्न सक्ने असरको बारेमा विश्लेषण गरी सोही अनुसारको नीति निमार्णमा सहयोग पुर्‍याउँदछ । जनसङ्ख्या को सामाजिक पक्ष बृहत हुन्छ । नेपाल साँस्कृतिक तथा सामाजिक संरचानको हिसावले विविधताले भरिपूर्ण भएकाले पनि समाजिक पक्ष महत्वपूर्ण रहेको छ । महिला, जनजाती, दलित, मधेसी, पिछडिएका क्षेत्रको सामाजिक समावेशीकरण अहिलेको जल्दोबल्दो मुद्दा हो । त्यस्तै बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक र विस्थापित जनसङ्ख्या  पनि समाजिक सुरक्षाको दायराभित्र पर्दछन् । राज्यको सामाजिक सुरक्षा प्रणाली र क्षेत्र दरिलो र फराकिलो हुनु जरुरी छ । जसले गर्दा सवै नेपालीले राज्यको उपस्थितिको महशुस गर्न सकुन् ।

सामाजिक विकासले आर्थिक, राजनीतिक तथा जनसाङ्ख्यिक विकासलाई संस्थागत गर्दछ । जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाले सामाजिक पक्षलाई जनसङ्ख्या  व्यवस्थापनको लागि चाहिने आधाभूत वातावरणको निर्माणका लागि उपयोग गर्ने लक्ष्य लिएको छ । सीमान्तकृत तथा पिछडिएका र आश्रित जनसङ्ख्या लाई सामाजिक सुरक्षा नीतिले नसमेट्ने हो भने सम्पूर्ण नेपालीको जीवनस्तर उकास्ने मूल लक्ष पूरा हुदैन । महिला, जनजाती, दलित, मधेसी र पिछडिएका क्षेत्रका बासिन्दाहरु राज्यको संस्थागत असमावेशी संरचनाका कारण बर्षौदेखि सामाजिक तथा आर्थिक विकासमा समेटिएका छैनन् । तिनीहरुलाई मूलधारमा ल्याउन जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले योगदान दिनेछ ।

**तालिका ७: जातिगत समूहअनुसार जनसाङ्ख्यिक तथा सामाजिक स्थिति, २००१**

| जात/जातीयता | कूल प्रजनन् दर (२००१) | औसत आयु (२००१) | साक्षरता प्रतिशत (२००१) |
|---|---|---|---|
| दलित | ४.७३ | ५७.२ | ३३.८ |
| आदिबासी/जनजाती | ४.०१ | ५८.७४ | ५३.६ |
| नेपाल | ४.१ | ६०.४ | ५४.१ |

स्रोतः दीर्घकालीन जनसङ्ख्या सम्वन्धी योजनाको विस्तृत मस्यौदा दस्तावेज ।

उल्लेखित सीमान्तकृत समुदायको जनसाङ्ख्यिक सूचाकाङ्कहरु नकारात्मक छन् । उनीहरुको प्रजनन् दर उच्च छ । औसत आयु कम छ । गरिवी व्याप्त छ । शैक्षिक अवस्था कमजोर छ । सामाजिक, आर्थिक तथा राजनीतिक सहभागिता कम छ । प्रजनन् दरलाई प्रतिस्थापन तहमा पुऱ्याउन, औसत आयु बढाउन, शैक्षिक स्तर सुधार गर्न तथा आर्थिक अवस्था सुधार गर्न जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले आवश्यक रणनीति बनाई कार्यान्वयन गर्नेछ । रणनीतिहरुले उक्त समुदायभित्रको आन्तरिक विभेदलाई पनि सम्बोधन गर्नु पर्नेछ । त्यसैगरी बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको लागि राज्यको नीति पनि वालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री नीतिहरु निर्माण गर्नु पर्दछ । यस्ता नीतिहरुले पनि सन्तानको संख्यात्मक महत्व घटाई गुणात्मक महत्वलाई प्रोत्साहित गर्दछ । जसको परिणाम स्वरुपः प्रजनन् दरमा कमि आई जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुग्दछ ।

**जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनामा सामाजिक पक्ष**

- जनसाङ्ख्यिक प्रक्रियाका सामाजिक विविधतालाई सम्बोधन गरिनेछ ।
- जनसङ्ख्या ब्वस्थापन गर्न सीमान्तकृत तथा पिछडिएका समुदयका विशिष्ट आवश्यकताहरु पूरा गरिनेछ ।
- सामाजिक सुरक्षा सञ्जाललाई मजबुत तथा फराकिलो बनाइनेछ ।
- जनसांख्यिक, समाजिक तथा आर्थिक क्रियाकलापका सामाजिक विभेद हटाउन ठोस योगदान पुऱ्याउनेछ ।
- पिछडिएका तथा सीमान्तकृत समुदायलाई विकासको मूलधारमा ल्याउन सहयोग गर्नेछ ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनामा सामाजिक विकासले सामाजिक न्यायको सिद्धान्तलाई अङ्गिकार गर्नेछ । नेपालका हालका योजनाहरुले विगतको तुलनामा बढी सामाजिक समावेशीकरणलाई महत्व दिएका छन् । नेपालीमा आएको चेतना, वढदै गएको शैक्षिक स्तर, सञ्चारको विकास, राजनीतिक परिर्वतन आदि कारणले राज्यलाई समावेशिकरण तथा सामाजिक न्यायमा प्रतिबद्ध हुन प्रेरित गरेको हो । सामाजिक विकास तथा सुरक्षाका लागि नेपालले शिक्षा, स्वास्थ्य तथा रोजगारीमा पिछडिएका तथा सीमान्तकृत समुदायका लागि सकारात्मक विभेदको नीति अपनाउदै आएको छ । यस्ता नीतिहरुलाई कायम राख्दै पिछडिएका समुदायको क्षमता वृद्धिमा विशेष जोड दिई प्रतिस्पर्धात्मक क्षमता बढाउन जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले भूमिका खेल्नेछ । बालबालिकाहरुको सर्वाङ्गीण विकासमा विशेष योजनाहरु ल्याउने छ । सवै बालबालिकालाई स्वस्थ बनाउन र विद्यालय शिक्षामा अनिवार्य सहभागी गराउन विशेष कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ ।

अपाङ्ग, असाहय, बृद्धबृद्धा तथा एकल महिलाहरुलाई राज्यले दिएको सहयोग निरन्तरता दिदै उनीहरुको सीप र क्षमतालाई विशेष सदुपयोग गरी राष्ट्र निर्माणमा सहयोगी बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको दायित्वमा वृद्धि गरिनेछ । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले सामाजिक विकास तथा सुरक्षालाई अधिकारको रुपमा स्थापित गरी राष्ट्रिय महत्वमा राख्ने र दम्पतीहरुलाई हरेक प्रकारबाट सुरक्षित महशुस गराई सन्तान तथा परिवारको गुणस्तर वृद्धि गर्न सहयोग गर्ने लक्ष राखेको छ । राष्ट्रिय अपाङ्ग नीति बनाउने, जनगणना र अन्य तथ्याङ्कका स्रोतहरुलाई अपाङ्ग सम्बन्धी सूचनाहरु संकलन गर्न लगाउने, अपाङ्गहरुलाई क्षमता अनुसारको जीवनोपयोगी तालिम दिई आर्थिक रुपले सक्षम बनाउन हरसम्भव प्रयास गर्ने, उनीहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा राज्य संयन्त्रमा विशेष सुविधाहरु प्रदान गर्ने जस्ता कार्यक्रमहरु तथा जेष्ठ नागरिकको अनुभव, सीप र ज्ञानको उपयोग गरी पुस्तान्तर कम गर्ने र उनीहरुलाई सम्मानित जीवनयापनको अवसर प्रदान गर्ने नीति पनि जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले लिएको छ ।

नेपालको जनसङ्ख्या बैवाहिक मूल्यमान्यता, बसोवास, पारिवारिक सम्बन्ध, प्रजनन्, रुग्णता, मृत्यु तथा बसाँइ सराइँ प्रतिको अवधारणा आदिमा एकदमै विविधतापूर्ण छ । विभिन्न समुदाय र समूहको सामाजिक-आर्थिक विशेषताहरु समान छैनन् । त्यसकारण जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले -१) विभिन्न समुदायको

सस्कृतिक ज्ञान, धारणा तथा व्यवाहारको संवेदनशीलता र २) उनीहरुको सामाजिक-आर्थिक तथा जनसाङ्ख्यिक अवस्थालाई ध्यान दिई जनसङ्ख्या समस्याको सम्बोधन गर्नेछ । यसका साथै तथ्याङ्कलाई पनि विभिन्न समुदायको सामाजिक, आर्थिक र जानसांख्यिक अवस्था झल्कने किसिमको बनाईनेछ ।

## २.८ बिकेन्द्रीकरण र संगठनात्मक पक्ष (Decentralization and Institutional Aspects)

बिकेन्द्रीकरण र संगठनात्मक पक्षले जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनााको कार्यान्वयनको लागि चाहिने संयन्त्र निर्माणमा जोड दिनेछ । यसले जनसङ्ख्या व्यवस्थापनको सन्दर्भमा बिकेन्द्रीकरण लाई सवलीकरण गर्नेछ । दीर्घकालीन जनसख्या योजनाले राज्य संयन्त्रलाई स्थानीय तहमा विस्तार गरी अधिकारको समेत प्रत्यायोजन गर्ने स्थानीय निकायलाई स्वतन्त्र र स्वायत्त बनाउन भूमिका खेल्नेछ । जसले गर्दा कार्यक्रम निर्माण र कार्यन्वयनका साथै स्रोतहरुको व्यवस्थापन र परिचालन प्रभावकारी रुपमा हुनसक्दछ । यसरी स्थानीयस्तरमा योजनाहरुको निर्माण र कार्यन्वयन गर्दा समुदायको वृहत सहभागितामा जोड दिइनेछ ।

जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाले स्थानीय स्तरमा जानसांख्यिक तथा सामाजिक तथ्याङ्क संकलन तथा व्यवस्थापनलाई सवल बनाउने र ती सूचनाहरुलाई योजना निर्माण, कार्यान्वयन, सुपरिवेक्षण र मूल्याङ्कनमा प्रभावकारी रुपमा प्रयोग गर्नु पर्दछ । जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजना कार्यान्वयनको लागि स्पष्ट, यथार्थपरक र कार्यन्वयन योग्य संस्थागत संरचनाको निर्माण गरिनेछ । त्यस्तो संयन्त्रले उच्चस्तरमा जनसङ्ख्या संग सम्बन्धित कार्यक्रमहरुको संयोजन तथा सुपरिवेक्षण गर्नेछ । त्यसका साथै अन्य सरोकारवालाहरुको भूमिकालाई पनि स्पष्ट पारिनेछ । जनसङ्ख्या योजना कुनै मन्त्रालय वा विभाग विशेषको मात्र नभई सम्पूर्ण निकायको सरोकारको विषय भएकाले सवैले यसको स्वामित्व ग्रहण गर्नु पर्दछ । त्यसमा पनि प्रमुख भूमिका खेल्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जनसङ्ख्या महाशाखाको स्तरोन्नति गरी साधन, स्रोत तथा जनशक्तिको पर्याप्त व्यवस्था गरिनेछ ।

बिकेन्द्रीकरणले स्थानीय निकायको क्षमता विकास तथा परिचालनबाट जनसङ्ख्या व्यवस्थापनलाई निम्न तरिकाबाट सहयोग गर्दछः

- जनसङ्ख्या व्यवस्थापन स्थानीय योजना निर्माणमा प्रभावकारी ढंगले आवद्ध हुनेछ ।
- पञ्जिकरण प्रणाली प्रभावकारी र सुदृढ हुनेछ ।
- योजना निर्माणको लागि वास्तविक तथ्याङ्क उपलब्ध हुनेछ ।

उल्लेखित उद्देश्यका लागि बदलिदो परिवेशमा स्थानीय निकायको भूमिकालाई पुनः परिभाषित गरिनेछ र तिनीहरुलाई जनसङ्ख्या ब्यवस्थापनका कार्यक्रमहरु संचालन गर्न र स्थानीय नीति तथा योजनाहरुको मुख्य अंश बनाउन जिम्मेवार बनाइनेछ ।

जनसङ्ख्या का मुद्दाहरुलाई प्रभावकारी रुपमा नीति तथा कार्यक्रमहरुमा समावेश गर्न संस्थागत संयन्त्रको विकास गरी जनसङ्ख्या संग सम्बन्धित विषयहरुको अध्ययन, अनुसन्धान तथा सार्वजनिकिकरणमा विशेष जोड दिइनेछ । नेपालमा जनसङ्ख्या विषयले पाउनु पर्ने महत्व पाएको छैन भने सरकारी तहमा पनि यसलाई कम महत्वको क्षेत्रमा राखिन्छ । जनसङ्ख्या को उचित अध्ययन, अनुसन्धान र विश्लेषण बिना जनसङ्ख्या व्यवस्थापन सजिलो हुदैन । जनसङ्ख्या व्यवस्थापन बिना सामाजिक-आर्थिक उन्नत्ति सहज नहुने यथार्थता बोध गरी जनसङ्ख्याका विषयहरुलाई व्यापक, सान्दर्भिक र गहन बनाउन राष्ट्रिय स्तरमा सशक्त संयन्त्रको निर्माणको आवश्यकतालाई दीर्घकालीन जनसङ्ख्या योजनाले उठाएको छ ।

बढ्दो जनसङ्ख्याको कारणले आवश्यकताहरु पनि बढ्ने र नयाँनयाँ मुद्दाहरु देखा पर्ने हुनाले त्यसलाई निरन्तर अनुसन्धान गरी समाधानका उपायहरु सिफारिस गर्न भैरहेका निकायहरुबीचको समन्वय निर्माण गर्न पनि उच्च स्तरदेखि स्थानीय स्तरसम्म स्थायी संयन्त्रको विकासमा जोड दिइनेछ । उक्त संयन्त्रले बढ्दो जनसङ्ख्याको आवश्यकता अनुसार सेवाहरुको विस्तारको लागि योजना निर्माणमा सहयोग पुऱ्याउने छ ।

नेपालमा हाल जनसङ्ख्या संग सम्वन्धित विषयहरु स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हेर्दै आएको छ भने तथ्याङ्क संकलनसंग सम्वन्धित कार्यहरु केन्द्रीय तथ्याङ्क विभाग र पञ्जिकरण सम्बन्धी कार्यहरु स्थानीय विकास मन्त्रालय अन्तर्गतको पञ्जिकरण रजिस्ट्रारको कार्यलयले हेर्दै आएको छ । विश्वविद्यालय लगायतका अन्य अध्ययन अनुसन्धान संस्थानहरु लगायतका विभिन्न संस्थाहरु जनसङ्ख्या व्यवस्थापन कार्यमा कार्यरत छन् भने संयुक्त राष्ट्र जनसङ्ख्या कोष अन्तर्राष्ट्रिय स्तरको यस संग सर्मन्धित प्रमुख गैरसरकारी सस्था हो । यसका साथै जनसङ्ख्या योजनासंग प्रत्यक्ष सरोकार राख्ने अन्य धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाहरु कार्यरत छन् । तर ती संस्थाहरुबीच प्रभावकारी समन्वय नहुँदा कार्यक्रमहरुको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । तसर्थ ती संस्थाहरुका साथै निजी क्षेत्रको पनि जनसङ्ख्या व्यवस्थापनमा प्रभावकारी सहभागिता वृद्धि गर्न राष्ट्रिय स्तरको जनसङ्ख्या अध्ययन, अनुसन्धान र व्यवस्थापन संयन्त्र विकास गर्नमा जोड दिईने छ ।

# भाग : तीन

# जनसङ्ख्या  सम्वन्धी दीर्घकालीन योजनाको कार्ययोजना

## २०६७-२०८७

## (२०१० - २०३१)

## ३) जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको कार्ययोजना

यस भागमा जनसङ्ख्या सम्वन्धी दीर्घकालीन योजनाको कार्ययोजना प्रस्तुत गरिएको छ । यस योजनाको मुल उद्देश्य जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनामा उल्लेख गरिएका जनसङ्ख्या सम्बन्धी कार्यक्रमहरुलाई चरण वद्ध रुपमा लागू गर्ने रहेको छ । तसर्थ यस योजनामा जनसङ्ख्या सम्बन्धी कार्यक्रमहरु / कृयाकलापहरुको पहिचान, प्राथमिकीकरण, मुख्य जिम्मेवार निकाय, सहयोगी निकाय, कार्यक्रमको अवधी सहितको कार्य योजना तर्जुमा गरिएको छ ।

यस कार्य योजनाले दीर्घकालिन योजनाले राखेको सोचलाई वास्तविकतामा परिणत गर्ने छ र सम्पूर्ण नेपाली जनताको जीवनस्तर उकास्न योगदान गर्ने विश्वास लिइएको छ । यस कार्ययोजनालाई जनसङ्ख्या सम्वन्धी दीर्घकालिन योजनाले प्रस्तुत गरेका क्षेत्रगत विश्लेषणका आधारमा सोच तालिका (Logical Frame Work) वनाई प्रस्तुत गरिएको छ ।

### ३.१ जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजनाको कार्ययोजनाका उद्देश्यहरु (Objectives of the Plan of Action of PPP)

- जनसङ्ख्या , प्रजनन् स्वास्थ्य र गरिवीलाई विकासका क्रियाकलापहरुमा समायोजन गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्नु ।
- दीर्घकालीन जनसङ्ख्या योजनाका उद्देश्यहरु हासिल हुने गरी कार्यक्रमहरु निर्माण गर्नु र
- कार्यक्रमहरुको कार्यान्वयन गर्ने जिम्मेवार निकायको पहिचान गरी कार्यान्वयनको प्रक्रिया स्पष्ट पार्नु ।

### ३.२ कार्यक्रमको निर्धारित समय सीमा

यो कार्ययोजनामा कार्यक्रमको कार्यान्वयनको लागि निम्नानुसारको समय सीमा निर्धारण गरिएको छः

- तत्कालीन- एक बर्षभन्दा कम
- छोटो अवधि-तीन बर्ष भित्र
- मध्यम अवधि- ४ देखि १० बर्ष सम्म
- दीर्घकालीन -१० बर्षभन्दा बढी

### ३.३ अनुमानहरु (Assumptions)

यो कार्ययोजना तयार गर्दा निम्न अनुमानहरु गरिएका छन्ः ।

- जनसङ्ख्या का मुद्दाहरुलाई सर्वपक्षीय मुद्दाको रुपमा पहिचान गरिने छ । त्यसकारणले जनसङ्ख्या का मुद्दाहरुलाई विकासका क्षेत्रगत नीतिहरुमा समावेश गर्न जोड दिइनेछ ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा जोड दिइने छ ।
- राज्यको तर्फबाट योजना कार्यन्वयनको लागि पूर्ण प्रतिबद्धता जनाइनेछ र योजनालाई पूरा गर्नै पर्ने दायित्व मानिनेछ ।
- जिम्मेवार निकायहरुले यो योजनाको स्वामित्व स्वीकार गरी सोही अनुरुपको विस्तृत कार्ययोजना निर्माण गरी तोकिएकोसमयमा कार्यान्वयन गर्नेछन् ।

# भाग : चार

# क्षेत्रगत विस्तृत कार्ययोजना

(भाग दुईमा उल्लेख भएका क्षेत्रगत विश्लेषण सम्वन्धी विषयहरुको कार्यान्वयन सोच तालिका)

## २.२ प्रजनन् स्वास्थ्य

**उद्देश्य २.२.१: जनसङ्ख्या  बृदिदरलाई घटाउने ।**

**रणनीति २.२.२: मातृ तथा शिशु स्वास्थ्य, परिवार नियोजनका सेवा जस्ता वृहत प्रजनन् स्वास्थ्यका कार्यक्रमहरु र प्रजनन् स्वास्थ्य तथा जनसङ्ख्या  बृद्धिका परिणामहरुको बारेमा जनचेतना जगाउने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।**

| क्र.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | परिवार नियोजनको सूचना तथा सेवाहरुको विस्तारद्वारा मातृ तथा शिशुको स्वास्थ्यको लागि जन्मान्तर र गर्भनिरोधलाई प्रवर्द्धन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>गैसस र सामुदायिक संस्थाहरु | रा.यो.आ. र निजी क्षेत्र | निरन्तर | ● परिवार नियोजनका साधनहरुको प्रयोग दर<br>● जन्मान्तरमा बृद्धि<br>● परिवार नियोजनको जानकारी | ● प्रतिबेदन<br>● सर्वेक्षण<br>● स्थलगत अध्ययन |
| २. | ● मातृ तथा शिशु सेवको विस्तारद्वरा सुरक्षित मातृत्व र स्वास्थ्य शिशु कार्यक्रम लागु तथा सवलिकरण गर्ने ।<br>● आधारभूत मातृत्व सेवाहरु, अत्यावश्यक नवजात शिशु स्याहारका साथै रोगी नवजात शिशुका व्यवस्थापन गर्न स्वास्थ्य केन्द्रहरुको क्षमतामा सुधार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>गैसस र सामुदायिक संस्थाहरु | जि.वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | ● स्वास्थ्य संस्थामा जन्माएका बच्चाहरुको प्रतिशत<br>● तालिम प्राप्त सुडेनी र स्वास्थ्यकर्मीले सहयोग गरेका सुत्केरीको प्रतिशत | ● प्रतिबेदन<br>● सर्वेक्षण<br>● स्थलगत अध्ययन |
| ३. | ● कम उमेरमा बच्चा जन्माउने तथा कम जन्मान्तरका जन्मको रोकथाम गर्न जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>गैसस र सामुदायिक संस्थाहरु | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | ● अनइच्छित जन्महरुको संख्या<br>● औसत जन्मान्तर | ● प्रतिबेदन<br>● सर्वेक्षण<br>● स्थलगत अध्ययन |
| ४. | ● सानो परिवारबाट दम्पतीलाई हुने फाईदाहरुको बारेमा जानकारी गराई सानो परिवारलाई प्रवर्द्धन गर्ने ।<br>● विशेषगरी महिलाहरुलाई प्रजनन् उमेरको सुरुमा | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विश्वविद्यालय, जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | ● परिवारको आकार<br>● कूल प्रजनन् दर<br>● जनसङ्ख्या व्यवस्थापनमा पाठ्य सामाग्री | ● प्रतिबेदन<br>● सर्वेक्षण<br>● स्थलगत अध्ययन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वा अन्त्यमा हुने गर्भाधारणका जटिलताहरुको बारेमा शिक्षित गर्ने । | गैसस र सामुदायिक संस्थाहरु, सञ्चार माध्यामहरु | | | • जनचेतनाका कार्यक्रमहरुको संख्या | |

**रणनीति २.२.३: महिलाको विवाह गर्ने न्यूनतम उमेर बृद्धि गरी प्रजनन् दरलाई अझ कम गर्ने र जनसङ्ख्या को निरन्तर बृद्धिको असरलाई कम गर्ने ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • विवाह गर्ने उमेर सम्बन्धी बर्तमान कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>• ढिलो विवाह गर्ने प्रचलनलाई प्रोत्साहन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | तत्कालिन निरन्तर | • महिला र पुरुषको विवाह गर्दाको औसत उमेर<br>• पहिलो बच्चा जन्माउँदा आमाको औसत उमेर | • प्रतिबेदन<br>• सर्वेक्षण |

**अपेक्षित उपलब्धिहरु: कोरा जन्मदर र कोरा मृत्युदरमा कमी आउछ र सामाजिक-आर्थिक विकासका सुचकहरुमा सुधार आउछ । जसले गर्दा जनसङ्ख्या को निरन्तर बृद्धिको असर कम हुन्छ ।**

**उद्देश्य २.२.४: कूल प्रजनन् दरमा नियन्त्रण गरी अथवा जनसङ्ख्या को स्थिरिकरणबाट प्रजनन् दरलाई प्रतिस्थापन तहमा ल्याउने र मातृ मृत्युदरलाई घटाउने**

**रणनीति २.२.५: परिवार नियोजनको अपरिपूर्त मागलाई पूरा गर्ने, वितरण सेवाहरुको गुणस्तर बृद्धि गर्ने, उपयोगी सूचनाहरु सञ्चार माध्यमबाट प्रवाह गर्ने र स्थानीय निकायहरुको क्षमता विस्तार गर्ने ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • सुरक्षित मातृत्व तथा नवजात शिशु स्याहार लगायतका प्रजनन् स्वास्थ्य सेवाहरु प्रदान गर्न स्थानीय तहका स्वास्थ्य केन्द्रहरुको पूर्वाधार, जनशक्ति तथा सेवाहरुको गुणस्तरमा बृद्धि गर्ने ।<br>• आवश्यक समाग्री, औषधि तथा परिवार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>भौतिक योजना तथा निर्माण मन्त्रालय<br>रा. यो. आ.<br>सामान्य प्रशासन मन्त्रालय<br>अर्थ मन्त्रालय | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | • स्तरोन्नती गरिएका उपस्वास्थ्य चौकीहरु<br>• तालिम प्राप्त स्वास्थ्यकर्मी | • प्रतिबेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नियोजनका साधनहरुको व्यवस्था सहित तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | | | | | |
| २. | • स्थानीय तहमा referral यातायतको सुविधमा सुधार गर्ने ।<br>• आपतकालिन तथा अत्यावश्यक चिकित्सकीय सेवा चाहिने विरामीको यातायतको सुविधा दिन समुदायमा आधारित संस्थाहरुलाई एम्बुलेन्स सेवाको व्यवस्था गर्न प्रोत्साहित गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>भौतिक योजना तथा निर्माण मन्त्रालय, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | जि. वि.स., नगरपालिका, गा. वि. स., अर्थ मन्त्रालय | निरन्तर | • सुधारिको पूर्वाधार भएका स्वास्थ्य सस्थाहरु<br>• एम्बुलेन्स सेवाको संख्या | • प्रतिबेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |
| ३ | • परिवार नियोजनको विकल्पको रुपमा नभइ कानूनी तथा चिकित्सकीय आधारमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | निरन्तर | • सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने संस्थाहरुको संख्या<br>• सुरक्षित गर्भपतन सेवा प्राप्त गर्ने महिलाहरुको सख्या | • प्रतिबेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |
| ४ | • परिवार नियोजन, खोप, पूर्वप्रसुति, प्रसुति तथा पाश्चप्रसुति स्वास्थ्य परीक्षण तथा अन्य प्रजनन् स्वास्थ्य सेवाहरको बारेमा लक्षित सूचना, शिक्षा तथा सञ्चार कार्यक्रम संचालन गर्ने ।<br>• जन्मान्तर बढाउन, कम उमेरमा बच्चा जन्माउने प्रबृतिलाई कम गर्न र परिवारको आकार नियन्त्रण गर्न स्तनपान शिक्षा र त्यसका लागि चाहिने सहयोग र परिवार नियोजनको सेवामा जोड दिने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>सूचना तथा सञ्चार मन्त्रालय,<br>स्थानीय विकास मन्त्रालय, | शिक्षा मन्त्रालय, जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्र | चलिरहेको निरन्तर | • कार्यक्रमहरुको सख्या<br>• पूर्वप्रसुति, प्रसुति तथा पाश्चप्रसुति सेवा प्राप्त महिलाहरुको प्रतिशत<br>• स्तनपानको औसत समयावधि<br>• औसत जन्मान्तर<br>• प्रजनन् स्वास्थ्य शिक्षा प्राप्त गर्ने महिलाहरुको संख्या<br>• सुरक्षित गर्भपतन सेवा प्राप्त गर्ने महिलाहरुको सख्या | • प्रतिबेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |
| ५. | • स्वास्थ्य सेवा विभाग मार्फत राष्ट्रब्यापि प्राथमिक स्वास्थ्य हेरचाह संञ्जाल तथा referral सेवा विस्तार गरी यौनाङ्गको | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, | तत्कालीन मध्यकालीन निरन्तर | • स्वेच्छिक परामर्श तथा परीक्षण केन्द्रहरुको संख्या<br>• कण्डोम प्रयोग गर्ने | • प्रतिबेदन<br>• सर्वेक्षण<br>• स्थलगत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संक्रमण, यौन प्रसारित रोगहरु तथा एचआभी/एड्स रोकथामका कार्यक्रमलाई सवलीकरण गर्ने । | | निजी क्षेत्रहरु | | जनसङ्ख्या को प्रतिशत | अध्ययन |
| ६. | ● सेवाग्रहीहरुको आवश्यकतालाई ध्यान दिई जन्मान्तर तथा जन्मनिरोधका साधनको विस्तार<br>● सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सेवा नपुगेका स्थानमा सहुलियत परिवार नियोजनका साधन तथा सेवाहरुको विस्तार गर्न सामाजिक बजारीकरणको कार्यक्रम निर्माण गरी लागू गर्ने ।<br>● आधारभूत स्वास्थ्य सेवाको पहुँचको सुनिश्चित गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | निरन्तर | ● अपरिपूर्त मागको प्रतिशत<br>● परिवार नियोजनका साधनको प्रयोग दर<br>● स्थानीय स्वास्थ्यस संस्थाहरुमा तालिम प्राप्त जनशक्ति<br>● परिवार नियोजनका साधनहरुको वितरित संख्या | ● सर्वेक्षण<br>● स्थलगत अध्ययन<br>● प्रशासनिक तथ्याङ्क |
| ७. | ● देशभरिका मानिसहरुलाई परिवार नियोजन सेवा तथा परामर्श प्रदान गर्न सुविधा सम्पन्न जन्मान्तर सेवा केन्द्र, घुम्ती शिविर तथा ग्रामीण स्वास्थ्य स्वयमसेवको संख्या बृद्धि गर्ने ।<br>● दम्पतीहरुलाई आफू अनुकुलको साधनहरु छनौट गर्ने अवसर प्रदान गर्न सुरक्षित र प्रभावकारी परिवार नियोजनका साधनहरुको विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | जि. वि.स., नगरपालिका, गा. वि. स., गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | चालु रहेको | ● जन्मान्तर सेवा दिने सेवा केन्द्रहरु<br>● घुम्ती शिविरको सख्या<br>● सेवाग्राहीहरुको संख्या | ● सर्वेक्षण<br>● स्थलगत अध्ययन<br>● प्रशासनिक तथ्याङ्क |

**अपेक्षित उपलब्धीहरुः कूल प्रजनन् दर र खुद पुनउत्पादन दरमा कमी आई प्रतिस्थापन तहमा पुग्नुका साथै समाजिक-आर्थिक सूचकहरुमा सुधार हुन्छ ।**

**उद्देश्य २.२.६ः सन् २०१५ सम्ममा शिशु तथा बाल मृत्यदर र औसत आयुको सहस्राब्दी लक्ष प्राप्त गर्न योगदान दिने ।**

**रणनीति २.२.७ः पोषण कार्यक्रम, प्रजनन् तथा शिशु स्वास्थ्य सेवा तथा गुणस्तरीय स्वास्थ्य सेवाहरुलाई सबलिकरण गरी शिशु, बालबालिका तथा सवैको दीर्घायुको सुनिश्चता गर्ने ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • लैङ्गिक मुद्दाहरुलाई cross-cutting मुद्दाको रुपमा सवै मन्त्रालय तथा सरकारी संस्थाहरुमा लागू गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, गैसस र सामुदायिक | तत्कालीन अल्पकालीन | • लैङ्गिक नीति तथा राणनीतिहरु भएका संस्थाहरु | प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • सबै क्षेत्रगत संस्थाहरुमा लैङ्गिक मूलप्रवाहिकरण क्षमताको निर्माण गर्ने ।<br>• जनसङ्ख्या संग सम्बन्धित कार्यक्रमहरु भएका प्रमुख क्षेत्रहरुमा gender focal points को प्रभावकारी कार्यको सुनिश्चित गर्ने ।<br>• निजी क्षेत्र तथा गैससहरुलाई योजना तथा परियोजनाहरुमा लैङ्गिक मुद्दाहरुलाई एकीकृत तथा प्राथमिकता दिन प्रोत्साहान गर्ने | | संस्थाहरु, निजी क्षेत्रहरु | | | |
| २. | • शिक्षामा सबैको पहुँचको विस्तार गर्ने, त्यसमा विशेषगरी सीमान्तकृत समुदायका बालिकाहरुलाई प्रोत्साहित गर्ने ।<br>• गरिव तथा सीमान्तकृत समुदायका बालबालिको विद्यालय भर्नादरमा बृद्धि गर्न तथा विद्यालय छोड्ने दर कम गर्न छात्रबृति तथा अन्य प्रवर्तक कार्यक्रमहरु संचालन गर्ने ।<br>• विद्यालय तथा शैक्षिक संस्थाहरुलाई लैङ्गिकमैत्री बनाउने । | शिक्षा मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन<br>अल्पकालीन | • प्रथमिक तहमा बालिका भर्नादर | प्रतिवेदन |
| ३. | • Gender focal Unit/Person को सवलिकरण गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | क्षेत्रगत मन्त्रालय तथा आयोगहरु | तत्कालीन | • Gender focal Unit/ Person को गठन तथा सवलिकरण<br>• Focal Unit को क्षमता विकास | प्रतिवेदन |
| ४. | • स्वास्थ्यकर्मीहरुलाई लैङ्गिकमैत्री बनाउन लैङ्गिक तालिम दिने ।<br>• गरिव परिवारका सीमान्तकृत महिलाहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने ।<br>• ग्रामीण तथा सीमान्तकृत महिलाहरुलाई लक्षित गरी प्रजनन् स्वास्थ्य अधिकारको सचेतनामा बृद्धि गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन<br>निरन्तर | • लैङ्गिक तालिम प्राप्त स्वास्थ्यकर्मीहरुको संख्या<br>• स्वास्थ्य सेवा प्राप्त गरिव परिवारका सीमान्तकृत महिलाहरुको प्रतिशत<br>• प्रजनन् स्वास्थ्य सचेतना अभियानको संख्या | प्रतिवेदन |
| ५. | • महिलाहरुको लागि रोजगारीका अवसरहरुको प्रवर्द्धन गर्ने (आन्तरिक र बैदेशिक रोजगारी) | श्रम तथा यातायत व्यवस्था मन्त्रालय, महिला, बालबालिका तथा समाज | राष्ट्रिय महिला आयोग, गरिवी निवारण कोष | तत्कालीन<br>निरन्तर | • बैदेशिक रोजगारी भएका महिलाको संख्या | • प्रतिवेदन<br>• सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • ग्रामीण महिलाहरुलाई साना उद्योग तथा गैर-कृषि आर्थिक क्रियाकलापमा प्रोत्साहित गर्ने ।<br>• महिलाहरुलाई प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्ने ।<br>• लघुउद्यम कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।<br>• महिलाहरुलाई सरकारी, गैरसरकारी तथा निजी संस्थाको सेवा क्षेत्रमा प्रवेश गर्न प्रोत्साहित गर्ने ।<br>• संस्थाहरुलाई काम गर्ने वातावरण लैङ्गिकमैत्री बनाउन प्रोत्साहित गर्ने ।<br>• एकल तथा अपाङ्गता भएका महिलाहरुको व्यवसायिक सीपको विकास गर्ने | कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग | | | • गैर-कृषिमा संलग्न महिलाहरुको संख्या<br>• सरकारी, गैरसरकारी तथा निजी संस्थाहरुमा महिला कर्मचारीको संख्या<br>• सीप विकास तालिमको संख्या<br>• लघुउद्यम कार्यक्रम लागु गरिएका क्षेत्रहरु | • स्थलगत अध्ययन |
| ६. | • चेलीबेटी बेचविखनका जोखिमपूर्ण क्षेत्रहरु पत्ता लगाउने ।<br>• चेलीबेटी बेचविखन जोखिम कम गर्न विशेष जनचेतनामूलक तथा रोकथामका कार्यक्रमहरु संचालन गर्ने ।<br>• चेलीबेटी बेचविखन रोक्न नेपाल-भारत सीमा प्रभावकारी निरीक्षण गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग | राष्ट्रिय मानवअधिकार आयोग, गृह मन्त्रालय स्थानीय निकायहरु, नागरिक समाज, गै.स.स | तत्कालीन निरन्तर | • चेलीबेटी बेचविखन नियन्त्रण गर्न संचालन गरिएका कार्यक्रमहरुको सख्या | • प्रतिवेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |
| ७. | • विकास आयोजनाहरुको अन्तिम निर्णय गर्नु अघि लैङ्गिक विश्लेषण गर्ने ।<br>• लैङ्गिक मुद्दाहरुलाई स्थानीय विकासका योजनाहरुमा समावेश गर्ने । | बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | • परियोजना निर्माणमा लैङ्गिक विश्लेषणको कार्यान्वयन | • प्रतिवेदन<br>• सर्वेक्षण<br>• स्थलगत अध्ययन |

**अपेक्षित उपलब्धिहरुः विकास कार्यक्रमका सबै पक्षहरुमा लैङ्गिक मुद्दाहरु एकीकृत हुनेछन् ।**

**उद्देश्य २.६.४: नीति निर्माण तहमा महिलाहरुको सहभागिता बृद्धि गर्ने र निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक सम्बेदनशील बनाउने ।**

**रणनीति २.६.५: रोजगारिमा महिलाहरुलाई सकारात्मक विभेद अपनाईने छ । लैङ्गिक सम्बेदनशील अनुगमन प्रणालीलाई सवै सरकारी तथा निजी संस्थाहरुमा लागू गरिनेछ ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | महिलाहरुलाई नीति निर्माण तहमा सहभागी गराउने<br>● सामुदायिक विकासको निर्णय तहमा महिला सहभागितामा प्रोत्साहित गर्ने ।<br>● स्थानीय परियोजना निर्माण, कार्यान्वयन तथा ब्यवस्थापनमा महिलाको प्रतिनिधित्व अनिवार्य गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानीय विकास मन्त्रालय | स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | अल्पकालीन मध्यकालीन निरन्तर | ● सार्वजनिक क्षेत्रमा महिलाहरुको सहभागिता<br>● निर्णय प्रक्रियमा महिलाहरुको प्रतिनिधित्व | प्रतिवेदन |
| २. | अनुगमन तथा मूल्याङ्कन<br>● राष्ट्रिय, जिल्ला तथा स्थानीय स्तरमा लैङ्गिक सम्बेदनशील कार्यक्रम अनुगमन प्रणाली सुरुवात गर्ने ।<br>● सरकारी, गैरसरकारी तथा निजी संस्थाहरुमा लैङ्गिग परीक्षण लागू गर्न प्रोत्साहित गर्ने ।<br>● सवै संस्थाहरुलाई gender disaggregated तथ्याङ्क संकलन, विश्लेषण तथा सार्वजनिक गर्न प्रोत्साहित गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● लैङ्गिक सम्बेदनशील अनुगमन प्रणाली लागू गर्ने संस्थाहरुको संख्या<br>● Gender disaggregated तथ्याङ्कको उपलब्धता | प्रतिवेदन |

**अपेक्षित उपलब्धिहरुः**

**क) निर्णय तहमा महिलाहरुको सहभागितामा बृद्धि हुनेछ ।**

**ख) लैङ्गिक सम्बेदनशील अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू हुनेछ र Gender disaggregated तथ्याङ्क तयार पारिनेछ ।**

## २.७ सामाजिक क्षेत्र

**उद्देश्य २.७.१: महिला, दलित, जनजाती, मधेसी तथा सीमात्कृत जनसङ्ख्याको समाजिक-आर्थिक सुधारमा योगदान दिने तथा जातीय विभेदको अन्त्य गर्ने ।**

**रणनीति २.७.२: सीमान्तकृत तथा उपेक्षित जनसङ्ख्याको पहिचान गर्ने तथा लोककल्याणकारी  कार्यक्रमहरुको लगानी गर्ने ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | शिक्षामा आरक्षण प्रणाली<br>● सामाजिक विज्ञान, प्राकृतिक विज्ञान, ब्यापार, चिकित्सा विज्ञान तथा इन्जिनियरिङमा न्यूनतम तहमा नपुगेसम्म कोटा प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>● दलित, लोपोन्मुख तथा अतिसीमान्तकृत आदिवासी जनजाती समूह तथा अपाङ्गता भएकाहरुको शैक्षिक स्तरमा सुधार गर्ने ।<br>● दलित, लोपोन्मुख तथा अतिसीमान्तकृत आदिवासी जनजाती समूह तथा अपाङ्गता भएका महिलाहरुको शैक्षिक स्तरमा सुधार गर्न विशेष जोड दिने ।<br>● विद्यालय छोड्ने उच्च दरलाई न्यूनिकरण गर्ने । | शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, विश्वविद्यालयहरु | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय,स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | अल्पकालीन<br>मध्यकालीन<br>निरन्तर | ● प्रत्येक संकायमा सीमान्तकृत समुदायका विद्यार्थीहरुको संख्या<br>● सीमान्तकृत समुदायका विद्यार्थीहरुको विद्यालय छोड्ने दर<br>● सीमान्तकृत समुदायको साक्षरता दर<br>● मातृभाषा शिक्षा दिने विद्यालयहरुको संख्या | प्रतिवेदन<br>सर्वेक्षण |
| २. | जातीय विभेद<br>● जातीय विभेद अन्त्य गर्न दलित संगठन तथा नागरिक समाजको परिचालन गर्ने ।<br>● दलितहरु (पहाड र तराई) बीचको आन्तरिक विभेद अन्त्य गर्न सचेतना कार्यक्रमहरु संचालन गर्ने ।<br>● विभेदविरुद्धका कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>● जातीय विभेद न्यूनिकरण गर्न धार्मिक तथा समुदायका अगुवाहरुलाई तालिम | शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, दलित आयोग | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन<br>निरन्तर | ● सचेतना अभियानको संख्या<br>● तालिम प्राप्त धार्मिक तथा सामुदायिक अगुवाहरुको संख्या<br>● सामजिक-आर्थिक विकासका सूचकरुहमा जातीय विभेदको अवस्था | प्रतिवेदन<br>सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिने तथा परिचालन गर्ने । | | | | | |
| ३. | <u>Socially disaggregated तथ्याङ्क</u><br>• दलित, आदिबासी/जनजाती तथा शहरी गरिवमा जोखिमपूर्ण अवस्थामा रहेका समूहहरुको पहिचान गर्ने ।<br>• समाजिकरुपमा उपेक्षित समूहहरुको वारेमा अनुसन्धान गर्ने ।<br>• लिङ्ग, क्षेत्र तथा अन्य आधारमा जनजाती, दलित, मधेसी, सीमान्तकृत तथा उपेक्षित जात/जातीहरुको समाजिकआर्थिक विशेषता झल्किने गरी तथ्याङ्क बैक तयार पार्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग/राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन<br>निरन्तर | • तथ्याङ्क बैक भएको<br>• जोखिपूर्ण अवस्थामा रहेका समूहरुको लगत<br>• सीमान्तकृत जनसङ्ख्या गरिएका अनुसन्धानहरु | प्रतिवेदन<br>सर्वेक्षण |
| ४. | • नगद तथा अन्य सुविधाहरुमार्फत लोपोन्मुख जातीहरुको प्रजनन् दर बढाउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय आदिवासी तथा जनजाती महासंघ | स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | मध्यकालीन | • लोपोन्मुख जातीहरुको कूल प्रजनन् दर | प्रतिवेदन<br>सर्वेक्षण |
| ५. | • जोखिममा रहेका जातीहरुको कोरा मृत्युदर, शिशु मृत्युदर तथा मातृ मृत्युदर कम गर्ने ।<br>• लक्षित समूहरुमा खोपको दायरा बढाउने ।<br>• जोखिममा रहेका जातीहरु औसत आयुमा बृद्धि गर्न समाजिक, आर्थिक तथा साास्कृतिक सुधार गरी जीवनस्तरमा सुधार गर्ने ।<br>• रुग्णतालाई कम गर्न लक्षित समूहहरुमा रहेका विभिन्न रोगहरु पत्ता लगाउने र तिनीहरुको उपचारको तरिका पत्ता लगाउने ।<br>• लक्षित समूहमा स्वास्थ्य तथा रोगहरुको बारेमा जनचेतना अभियान संचालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, | स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन<br>निरन्तर | • कोरा मृत्युदर, शिशु मृत्युदर तथा मातृ मृत्युदर<br>• औसत आयु<br>• स्वास्थ्य सेवाहरुको विस्तार<br>• रुग्णताको अवस्था | प्रतिवेदन<br>सर्वेक्षण |
| ६. | • एचआईभी/एड्सको जोखिमपूर्ण समूह पत्ता लगाउने ।<br>• जोखिमपूर्ण समूहलाई सुरक्षित यौनका बारेमा अभिमुख गराउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, | स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन<br>मध्यकालीन | • जनचेतना अभियानको संख्या<br>• एचआईभी/एड्सबाट संक्रमितहरुको संख्या | प्रतिवेदन<br>सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | • सीमान्तकृत समुदायका युवाहरुलाई आन्तरिक तथा बैदेशिक रोजगारीका लागि प्रोत्साहित गर्ने ।<br>• न्यूनतम तहमा नपुगेसम्म सीमान्तकृत समुदायलाई सरकारी तथा निजी संस्थाहरुको रोजगारीमा कोटा प्रणाली लागु गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, उद्योग मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, श्रम तथा यातायत व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय | राष्ट्रिय योजना आयोग, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन मध्यकालीन | • रोजगार प्राप्त सीमान्तकृत समुदायको जनसङ्ख्या<br>• गैरकृषि क्षेत्रमा रोजगारीको दर<br>• विप्रेषणको मात्रा | प्रतिवेदन सर्वेक्षण |
| ८. | • पञ्जिकरण प्रणालीलाई प्रोत्साहन तथा अनिवार्य गर्ने । | स्थानीय विकास मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, उद्योग मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, स्थानीय निकायहरु, गैसस र नागरिक समाज | तत्लकालीन मध्यकालीन | • पञ्जिकरण प्रणालीले समेटेको क्षेत्र | प्रतिवेदन सर्वेक्षण |
| ९. | • झुपडि तथा सुकुम्बासी बस्तीमा रहेको जनसङ्ख्या लाई गैसस र निजी क्षेत्रको परिचालन गरी प्रजनन् स्वास्थ्य तथा शैक्षिक सुविधा उपलब्ध गराउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, उद्योग मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय | केन्द्रीय तथ्याङ्क विभाग गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्लकालीन मध्यकालीन | • स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थाहरको संख्या | प्रतिवेदन सर्वेक्षण |

**अपेक्षित उपलब्धीहरुः सीमान्तकृत, उपेक्षित तथा लोपोन्मुख समुदायहरु संरक्षित तथा प्रवर्द्धित हुनेछन् ।**

**उद्देश्य २.७.३: जेष्ठ नागरिकहरुको ज्ञान, सीप तथा अनुभवहरुलाई राष्ट्रिय विकासमा प्रयोग गरी उनीहरुको जीवनलाई सरल, सुरक्षित तथा सम्मानित बनाउने ।**

**राणनीति २.७.४: बुढ्यौलीपनलाई नेपालको जल्दोबल्दो समास्याको रुपमा पहिचान गर्ने र बढ्दो बुढाबुढीको जनसङ्ख्यालाई आवश्यक सुविधा पूरा गर्ने संयन्त्रको निर्माण गर्ने । जेष्ठ नागरिकको सरसुविधालाई ध्यान दिने ।**

| क्र.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | आर्थिक पक्ष<br>• बृद्धभत्ता वितरण प्रणाली सरल र प्रभावकारी बनाउने ।<br>• स्थानीय तहमा योजनाहरु निर्माण गर्दा स्थानीय स्रोतबाट थप भत्ता दिने व्यवस्था मिलाउने ।<br>• समाजिक वीमा प्रणालीसंग समन्वय | स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, उद्योग मन्त्रालय, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | अल्पकालीन मध्यकालीन निरन्तर | • भत्ता पाउने जेष्ठ नागरिकहरुको संख्या<br>• भत्ता वितरण प्रणाली<br>• तथ्याङ्कको उपलब्धता<br>• जेष्ठ नागरिक सम्बन्धी अनुसन्धानको संख्या | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरी पेन्सन प्रणालीलाई कार्यन्वयन गर्ने योजना निर्माण गर्ने ।<br>• जेष्ठ नागरिकहरुको disaggregated तथ्याङ्क तयार गर्ने तथा अद्यावधिक गर्ने ।<br>• Conditional cash transfer सुरुवात गर्न अध्ययन गर्ने ।<br>• जेष्ठ नागरिको चाहना, सीप र अनुभव अनुसारको आयआर्जन क्रियाकलापमा सहभागी गराउने सम्भाब्यताको अध्ययन गर्ने । | | | | | |
| २. | समाजिक सुरक्षा<br>• जेष्ठ नागरिक परामर्श केन्द्रको स्थापना गर्ने र जेष्ठ नागरिक तथा उनीहरुको परिवारलाई परामर्श दिने ।<br>• द्वन्द तथा अन्य आपतकालीन समस्याहरुबाट प्रभावित जेष्ठ नागरिकलाई समायोजन तथा पुनस्थापना गर्ने ।<br>• नमूना परियोजनाको रुपमा विभिन्न जिल्लाहरुमा बृद्धाश्रमको निर्माण गर्ने ।<br>• नमूना परियोजनाको परिणाम अनुसार बृद्धाश्रमहरुलाई सवलिकरण गर्ने तथा निरन्तरता दिने ।<br>• जेष्ठ नागरिकलाई सेवा प्रदान गर्न दिवा हेरचाह केन्द्रको स्थापना गर्ने ।<br>• गरिव, अति बृद्ध तथा अपाङ्गता भएका जेष्ठ नागरिकलाई घरदैलो प्रणालीमा आधारित स्वास्थ्य तथा अन्य सुविधाहरु प्रदान गर्ने ।<br>• बृद्ध तथा असाहयहरुलाई निशुल्क कानुनी सेवा तथा परामर्श प्रदान गर्ने ।<br>• जेष्ठ नागरिको समाजिक सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय स्तरमा जेष्ठ नागरिक कल्याण कोषको स्थापना गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा यातायत व्यवस्था मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | • सेवा केन्द्रहरुको संख्या<br>• परामर्श प्राप्त गर्ने जेष्ठ नागरिको संख्या<br>• समायोजन र पुर्नस्थापन गरिएका जेष्ठ नागरिकको संख्या<br>• बृद्धाश्रमको संख्या<br>• जनचेतना कार्यक्रमको संख्या | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● गैसस तथा निजी क्षेत्रलाई सशुल्क बृद्धाश्रम स्थापना तथा संचालन गर्न प्रोत्साहित गर्ने ।<br>● अन्तरपुस्ता समभ्कदारी बृद्धि गर्न कार्यक्रमहरु संचालन गर्ने ।<br>● जेष्ठ नागरिक प्रति सकारात्मक धारणा राख्न तथा सामुहिक जिम्मेवारी बहन गर्न जनचेतना अभियान तथा श्रव्यदृश्य कार्यक्रमबाट जनसमुदायलाई सचेत गराउने ।<br>● सवै प्रकारका यातायतका साधनमा आरक्षण तथा सहुलियत भाडा दर लागु गर्ने । | | | | | |
| ३. | स्वास्थ्य तथा पोषण<br>● गरिव परिवारका जेष्ठ नागरिकहरुलाई सहुलियतमा स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>● जेष्ठ नागरिकको स्वास्थ्य तथा पोषणको अवस्थाको बारेमा अनुसन्धान गर्ने ।<br>● अस्पतालहरुमा बृद्ध कक्षको स्थापना गर्ने र स्वास्थ्यकर्मीहरुलाई बृद्धबृद्धाको विषयहरुमा तालिम दिने ।<br>● जेष्ठ नागरिकमा स्वास्थ्य व्यवहारको विकास गर्न स्वास्थ्य व्यवहार सचेतना कार्यक्रम संचालन गर्ने ।<br>● निशुल्क घुम्ती शिविरको आयोजना गर्ने ।<br>● बन्दोबस्तीका समानहरु निशुल्क उपलब्ध गराउने ।<br>● बृद्धाश्रम तथा दिवा हेरचाह केन्द्रका हेरचाहकर्ताहरुलाई तालिम दिने ।<br>● स्वास्थ्य विमा अवधारणा तयार गर्ने र जेष्ठ नागरिक विमा कार्यक्रम लागु गर्ने ।<br>● जेष्ठ महिलाहरुलाई स्वास्थ्य तथा पोषणका विशेष कार्यक्रमहरु संचालन | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, समाज कल्याण परिषद, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● स्वास्थ्य सेवा प्राप्त गर्ने जेष्ठ नागरिकको संख्या<br>● अस्पतालमा जेष्ठ नागरिकको लागि आरक्षित सैयाको संख्या<br>● तालिम प्राप्त स्वास्थ्यकर्मीको संख्या<br>● स्वास्थ्य विमा प्रणाली<br>● स्वास्थ्य तथा पोषण सहायता प्राप्त गर्ने जेष्ठ महिलाहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने । | | | | | |
| ४. | <u>साझेदारी तथा सहभागिता</u><br>● जेष्ठ नागरिकका मुद्दाहरुलाई सबै तहमा समायोजन गर्ने ।<br>● जेष्ठ नागरिकको चाहना र क्षमताको आधारमा समुदायको विकासमा सहभागी बनाउन कार्यक्रमहरु संचालन गर्ने ।<br>● सेवाको गुणस्तर सुनिश्चित गर्न जेष्ठ नागरिकका लागि काम गर्ने सस्थाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।<br>● जेष्ठ नागरिकको अनुकूल हुने गरी कार्य समय मिलाउने ।<br>● जेष्ठ नागरिकबाट सीप हस्तारणका सम्भाब्य क्षेत्रहरुमा अनुसन्धान गर्ने ।<br>● जेष्ठ नागरिकको सीप, क्षमता तथा अनुभवका सूचनाको संकलन, संग्रह तथा सार्वजनिक गर्ने ।<br>● जेष्ठ नागरिकको तथ्याङ्क भएको वेवपेज निर्माण गर्ने ।<br>● बृद्धाश्रम तथा दिवा हेरचाह केन्द्रमा जेष्ठ नागरिकको चाहना र क्षमताअनुसारको आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने ।<br>● यूवाहरुलाई जेष्ठ नागरिकको स्वयमसेवामा उत्प्रेरित गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम तथा यातायत व्यवस्था मन्त्रालय, उद्योग मन्त्रालय | शिक्षा मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य महासंघ, समाज कल्याण परिषद, स्थानीय निकायहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● लाभान्वित जेष्ठ नागरिकको संख्या<br>● जेष्ठ नागरिकका लागि काम गर्ने संस्थाहरुको संख्या<br>● कार्यक्रमहरुको संख्या<br>● समाजिक कार्यमा सहभागी जेष्ठ नागरिकको संख्या | प्रतिवेदन सर्वेक्षण |
| ५. | <u>शिक्षा तथा मनेरञ्जन</u><br>● मनेरञ्जन सेवाप्रदायकहरुलाई सहुलियतमा जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्न प्रोत्साहित गर्ने ।<br>● जेष्ठ नागरिक क्लवको स्थापना गर्ने र त्यसलाई छलफल, मनोरञ्जन तथा अध्ययन केन्द्रको रुपमा विकसित गर्ने ।<br>● विश्वविद्यालय तथा विद्यालय तहमा बुढ्यौलीपनसंग सम्बन्धित पाठ्यक्रम | सूचना तथा सञ्चार मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय | स्थानीय विकास मन्त्रालय, शैक्षिक संस्थाहरु, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● सहुलियतको प्रावधान<br>● जेष्ठ नागरिक क्लवको संख्या<br>● कार्यक्रमहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण गरी लागू गर्ने | | | | | |
| ६. | <u>कानुनी प्रावधान तथा सुधार</u><br>● जेष्ठ नागरिकहरुलाई बढी सुविधा प्रदान गर्न जेष्ठ नागरिकहरुसंग सम्बन्धित कानुनी प्रावधानहरुमा पुनरावलोकन तथा संसोधन गर्ने ।<br>● जेष्ठ नागरिकहरुको मानव अधिकार संरक्षण गर्न कानुन बनाई लागु गर्ने ।<br>● बन्दी जेष्ठ नागरिकहरुलाई विशेष सुविधाहरु प्रदान गर्ने । | कानुन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | स्थानीय विकास मन्त्रालय, श्रम तथा यातायत व्यवस्था मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, गैसस र सामुदायिक संस्थाहरु, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● जेष्ठ नागरिकसम्बन्धी कानूनी प्रावधान<br>● सुविधा प्राप्त गर्ने जेष्ठ नागरिकको संख्या | प्रतिवेदन सर्वेक्षण |
| ७. | <u>विविध</u><br>● क्षेत्रगत दीर्घकालीन योजना बनाउदा जेष्ठ नागरिकहरु सम्बन्धी मुद्दाहरुलाई समावेश गर्ने ।<br>● जेष्ठ नागरिकहरुका लागि काम गर्ने संस्थाहरुको क्षमतामा सुधार तथा सवलिकरण गर्ने ।<br>● बुढ्यौलीपनका बारेमा समुदायमा चेतना अभिबृद्धि गर्ने ।<br>● जेष्ठ नागरिकहरुको हित बृद्धि गर्नका लागि गैसस र नागरिक समाज, निजी क्षेत्रहरुको परिचालन गर्ने ।<br>● सरकारी तथा गैरसरकारी संस्थाहरुलाई जेष्ठ नागरिक नीति निर्माण गर्न प्रोत्साहित गर्ने ।<br>● जेष्ठ नागरिकका लागि काम गर्ने अन्तर्राष्ट्रिय संस्थाहरुसंग संजाल विस्तार गर्ने ।<br>● सार्वजनिक स्थान तथा यातायतमा जेष्ठ नागरिकमैत्री पूर्वाधारहरुको विकास गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय, गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | ● जेष्ठ नागरिकमैत्री योजना तथा परियोजनाहरु<br>● जेष्ठ नागरिकका लागि काम गर्ने संस्थहरुको संख्या<br>● जेष्ठ नागरिकमैत्री पूर्वाधारहरु | प्रतिवेदन सर्वेक्षण |

**अपेक्षित उपलब्धिहरुः जेष्ठ नागरिकको जीवन सरल, सुक्षित तथा सम्मानित हुनेछ ।**

**उद्देश्य २.७.५: अपाङ्गता भएका जनसङ्ख्याको शिक्षा, स्वास्थ्य, समाजिक तथा आर्थिक पक्षहरुको अधिकारको प्रवर्द्धन तथा संरक्षणमा योगदान पुऱ्याउने ।**

**रणनीति २.७.६: अपाङ्गता भएका जनसङ्ख्याका मुद्दाहरुलाई प्राथमिकता दिने, राष्ट्रिय अपाङ्ग नीति निर्माण गर्ने, अपाङ्गता भएका जनसङ्ख्या को हितको लागि कार्यक्रम संचालन गर्ने ।**

| क.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • अपाङ्गता भएका जनसङ्ख्या को दिगो विकासका लागि सरकारी, गैरसरकारी, समुदायमा आधारित संस्था तथा नागरिक समाजसंग समन्वय गर्ने ।<br>• राष्ट्रिय अपाङ्ग संयोजन समितिमा अपाङ्गता भएका जनसङ्ख्या को ५१% प्रतिनिधित्व हुने गरी पुनर्गठन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | तत्कालीन निरन्तर | • सरोकारवालाहरुसंग समन्वय<br>• संयोजन समितिको गठन | प्रतिवेदन |
| २. | • अपाङ्गता भएका जनसङ्ख्या लाई प्रभावित गर्ने कानुनमा संसोधन गर्ने ।<br>• सुस्त मनस्थिति भएका व्यक्तिहरुको क्षमता विकास तथा संरक्षणको लागि विशेष कानुनी प्रावधान बनाउने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कानुन मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • अपाङ्गताको परिभाषा<br>• सुस्त मनस्थितिभएका व्यक्तिहरुको संरक्षणको लागि कानुनी प्रावधान | प्रतिवेदन |
| ३. | • अपाङ्गता भएका व्यक्तिहरुसंग सम्बन्धित अनुसन्धानहरु गर्ने (शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी तथा अपाङ्गताका कारणहरु)<br>• अपाङ्गतासम्बन्धी एकीकृत सूचना प्रणालीको विकास गर्ने ।<br>• अपाङ्गतासम्बन्धी तथ्याङ्क तयार पार्ने तथा निरन्तर अद्यावधिक गर्ने | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • अनुसन्धानको संख्या<br>• सूचना प्रणाली | प्रतिवेदन सर्वेक्षण |
| ४. | • अपाङ्गता भएका व्यक्तिहरु बारेमा सवै तहमा सकारात्मक अवधारणा विकास गर्न सचेतना कार्यक्रम आयोजना गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सामुदायिक विकासका कार्यहरुमा समावेश गराउने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको तालिमको माध्यामबाट नेतृत्वदायी तथा पैरवी क्षमता विकास गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • सचेतना कार्यक्रमहरुको संख्या<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सामुदायिक विकासका कार्यहरुमा समावेश<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिएको तालिम | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | • आय आर्जनका लागि तालिम दिने तथा सीप विकास गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको लागि रोजगारीका अवसर प्रदान गर्ने ।<br>• स्वरोजगारीको लागि प्रोत्साहित गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी त्यसै अनुरुपको तालिम प्रदान गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग मन्त्रालय, स्थानीय विकास मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • सीप विस्तार तालिम प्राप्त गर्नेहरुको संख्या<br>• अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीको दर<br>• औसत आय | प्रतिवेदन सर्वेक्षण |
| ६. | • अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बृद्धि गर्न सार्वजनिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउने ।<br>• आवास निर्माणलाई अपाङ्गमैत्री बनाउन प्रोत्साहन गर्ने । | भौतिक योजना तथा निर्माण मन्त्रालय, श्रम तथा यातायत व्यवस्था मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन दीर्घकालीन निरन्तर | • अपाङ्गमैत्री सार्वजनिक पूर्वाधारहरु | प्रतिवेदन |
| ७. | • अपाङ्गता भएका व्यक्तिहरुको सञ्चार तथा सञ्चार माध्यमा पहुँच बृद्धि गर्ने ।<br>• विद्युतीय सञ्चार माध्यमहरुबाट अपाङ्गता भएका व्यक्तिहरुसम्बन्धी कार्यक्रमहरु निर्माण गरी प्रसारण गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको सवै सूचना भएको वेवपेज निर्माण गर्ने । | सूचना तथा सञ्चार मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • सञ्चार माध्यमबाट प्रसारित कार्यक्रमहरुको संख्या<br>• सञ्चार माध्याम कार्यरत अपाङ्गता भएका व्यक्तिहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |
| ८. | • यातायतमा आरक्षण तथा सहुलियतको व्यवस्था गर्ने । | श्रम तथा यातायत व्यवस्था मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • सार्वजनिक यातायतमा कोटा प्रणाली लागु भएको ।<br>• यातायतमा भाडामा सहुलियत | प्रतिवेदन सर्वेक्षण |
| ९. | • अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच बृद्धि गर्ने ।<br>• विद्यालयका पूर्वाधारहरु अपाङ्गमैत्री बनाउने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क शिक्षाको व्यवस्था गर्ने ।<br>• अपाङ्ग संवेदनशील बनाउन शिक्षकहरुलाई तालिम प्रदान गर्ने | शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | विद्यालय , क्याम्पस, गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • अपाङ्गता भएका व्यक्तिहरुको विद्यालय भर्ना दर<br>• अपाङ्गमैत्री पूर्वाधारहरु भएका विद्यालयहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |
| १०. | • अपाङ्गता अनुपात घटाउन कार्यक्रमहरु संचालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • कार्यक्रमहरुको संख्या<br>• अपाङ्गता दर | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • मातृ तथा शिशु स्वास्थ्य तथा पोषण कार्यक्रमको विस्तार गर्ने ।<br>• रोकथाम गर्ने सकिने अपाङ्गताका बारेमा जनचेतना जगाउने । | बालबालिका तथा समाज कल्याण मन्त्रालय | | | | |
| ११. | • ग्रामीण क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुलाई समेट्न स्वास्थ्य कार्यक्रमको विस्तार गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सवै तहमा निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • स्वास्थ्य सेवा प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत | प्रतिवेदन सर्वेक्षण |
| १२. | • पुनर्स्थापना कार्यक्रम संचालन गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई सशक्तिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवसाय गर्न नरम ऋण उपलब्ध गराउने ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको लागि राष्ट्रिय कोषको स्थापना गरी सवलिकरण गर्ने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, उद्योग मन्त्रालय, स्थानीय विकास मन्त्रालय | अर्थ मन्त्रालय, गै.स.स, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • पुनर्स्थापना कार्यक्रमको संख्या<br>• अपाङ्गता भएका व्यक्तिहरुको रोजगारी दर | प्रतिवेदन सर्वेक्षण |
| १३. | • अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज पार्न assistive device प्रदान गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग गै.स.स, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • Assistive device प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |
| १४. | • अपाङ्गता भएका व्यक्तिहरुको मुद्दालाई सम्बोधन गर्न self-help organization हरुलाई सवलिकरण तथा परिचालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग गै.स.स, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने self-help organization हरुको संख्या | प्रतिवेदन सर्वेक्षण |
| १५. | • अपाङ्गता भएका महिला तथा बालवालिकाहरुलाई प्रभावित गर्ने कानूनको संसोधन गर्ने ।<br>• अपाङ्गता भएका महिलालाई नेतृत्व विकास तालिम प्रदान गर्ने ।<br>• अपाङ्गता भएका महिलालाई रोजगारी तथा तालिमा जोड दिने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय, गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • कानुनमा संसोधन<br>• तालिम प्राप्त अपाङ्गता भएका महिलाहरुको संख्या | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६. | • अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने संस्थाहरुसंग अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सहकार्य तथा संयोजनलाई सवलीकरण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, | परराष्ट्र मन्त्रायल, राष्ट्रिय योजना आयोग गै.स.स, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • सहकार्य भएका अन्तर्राष्ट्रिय संस्थाहरुको संख्या | प्रतिवेदन |

**अपेक्षित उपलब्धिहरुः** अपाङ्गता भएका व्यक्तिहरुका मुद्दाहरु मूलप्रवाहिकरण हुनेछन् र तिनीहरुको जीवन स्तरमा उल्लेख्या सुधार आउनेछ ।

## २.८ बिकेन्द्रीकरण

**उद्देश्य २.८.१: जनसङ्ख्या व्यवस्थापनको लागि स्थानीय निकायहरुको क्षमता विकास गर्न तथा तिनीहरुको परिचालन गर्न योगदान पुऱ्याउने ।**

**रणनीतिहरुः बदलिदो परिस्थितिमा स्थानीय निकायहरुको भूमिकालाई पुनपरिभाषित गर्ने र तिनीहरुलाई जनसङ्ख्या व्यवस्थापनका क्रियाकलापहरुलाई आफ्नो नीति तथा योजनाहरुको मुख्य अंश बनाई कार्यान्वयनमा जिम्मेवार बनाउने ।**

| क्र.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • विभिन्न तहका प्रसाशनिक एकाईहरुमा शक्तिको निक्षेपण गर्ने ।<br>• बिकेन्द्रीकरण का सिद्धान्तहरु तथा व्यवस्थापनको बारेमा सम्बन्धित अधिकारीहरुलाई अभिमुखिकरण तालिम प्रदान गर्ने ।<br>• सवै सरकारी तथा निजी संस्थाहरुमा जनसङ्ख्या तथा तथ्याङ्क शाखाको स्थापना गर्ने । | स्थानीय विकास मन्त्रालय राष्ट्रिय योजना आयोग, मन्त्री परिषद | जिल्ला विकास समिति, नगरपालिका, गा.वि. स. गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • स्थानीय निकायले प्रयोग गरेको अधिकार | प्रतिवेदन |
| २. | <u>तथ्याङ्क संकलन तथा व्यवस्थापन</u><br>• जि.वि.स तथा गा.वि.स. हरुमा उपयुक्त तथा पर्याप्त मानव स्रोतको व्यवस्था गर्ने ।<br>• जनसङ्ख्या संग सम्बन्धित तथ्याङ्क संकलन तथा व्यवस्थापनको लागि बित्तीय तथा विशेषज्ञको व्ययस्था गर्ने ।<br>• जिल्ला सूचना डेस्क स्थापना गरी प्रभावकारी ब्यस्थापन गर्ने ।<br>• जि.वि.स तथा गा.वि.स. हरुलाई कम्प्यूटर प्रणालीले सज्जित गर्ने ।<br>• पञ्जिकरणका तथ्याङ्कहरुको प्रयोग सम्बन्धी जि.वि.स. तथा गा.वि.स. हरुको भूमि तथा दायित्व स्पष्ट पार्ने ।<br>• प्रभावकारी पञ्जिकरणको लागि कर्मचारीलाई तालिम दिई क्षमता अभिबृद्धि गर्ने ।<br>• पञ्जिकरणको महत्वको बारेमा पैरवी | स्थानीय विकास मन्त्रालय राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन निरन्तर | • पञ्जिकरणले समेटेको क्षेत्र<br>• तथ्याङ्कको गुणस्तर<br>• तालिम प्राप्त कर्मचारीको संख्या<br>• कार्यक्रमहरुको संख्या<br>• जि.वि.स., नगरपालिका तथा गा.वि.स. को तथ्याङ्क व्यवस्थापन प्रणाली | प्रतिवेदन सर्वेक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम संचालन गर्ने ।<br>● लगत व्यवस्थापन प्रणालीको सुधार गर्ने ।<br>● पञ्जिकरणको लागि शैक्षिक सामाग्री तयार पार्ने । | | | | | |
| ३. | <u>जनसङ्ख्या व्यवस्थापन</u><br>● स्थानीय योजना निर्माण प्रणालीमा जनसङ्ख्या व्यवस्थापनका मुद्दाहरुलाई एकीकृत गर्ने ।<br>● विकास निर्माणका कार्यहरु गर्दा जनसङ्ख्या व्यवस्थापनका मुद्दाहरुलाई प्राथमिकतामा राख्ने ।<br>● प्रत्येक जि.वि.स. एकजना जनसङ्ख्या बिद नियुक्त गर्ने | स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग | जिल्ला विकास समिति, नगरपालिका, गा.वि. स. गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन<br>निरन्तर | ● जनसङ्ख्या व्यवस्थापन सवेदनशील योजना<br>● जनसङ्ख्या विदहरुको संख्या | प्रतिवेदन<br>सर्वेक्षण |
| ४. | <u>स्थानीय तथ्याङ्कको प्रयोग</u><br>● स्थानीय तथ्याङ्कहरु प्रत्येक तहमा नियमित रुपले सार्वजनिक गर्ने ।<br>● जिल्ला स्तरीय योजनाहरु स्थानीय तथ्याङ्कमा आधारित हुने सुनिश्चित गर्न संयन्त्रको निर्माण गर्ने ।<br>● पञ्जिकरणका तथ्याङ्कलाई कम्प्यूटरकृत गर्ने | स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग | सवै मन्त्रालयहरु, जिल्ला विकास समिति, नगरपालिका, गा.वि. स. गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | अल्पकालीन<br>निरन्तर | ● तथ्याङ्क सार्वजनिकिरण प्रणाली<br>● वास्तविक तथ्याङ्कमा आधारित योजनाहरु | प्रतिवेदन<br>सर्वेक्षण |
| ५. | ● सवै जिल्लाहरुमा जनसङ्ख्या व्यवस्थापन कार्यक्रमलाई सवलिकरण तथा कार्यान्वयन गर्ने ।<br>● गा. वि. स. स्तरसम्म नियमित अन्तरालमा प्रोफाईल निर्माण तथा सार्वजनिक गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय | जिल्ला विकास समिति, नगरपालिका, गा.वि. स. गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | निरन्तर | ● अद्यावधिक गरिएका प्रोफाईल भएका गा. वि. स. हरुको संख्या | प्रतिवेदन |
| ६. | ● स्थानीय विकास मन्त्रालयको पञ्जिकरण शाखालाई स्तरोन्नती तथा सवलिकरण गर्ने । | स्थानीय विकास मन्त्रालय, समान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय | केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय निकायहरु | तत्कालीन | ● पञ्जिकरण प्रणालीको स्तरोन्नती तथा सवलिकरण भएको | प्रतिवेदन |

**अपेक्षित उपलब्धिहरु:**

**क) जनसङ्ख्या व्यवस्थापन स्थानीय तहको योजना निर्माणमा एकीकृत हुनेछ ।**
**ख) पञ्जिकरण प्रणाली प्रभावकारी तथा सवल हुनेछ ।**
**ग) योजना निर्माणका लागि सही तथ्याङ्क उपलब्ध हुनेछ ।**

## २.९ संस्थागत संयन्त्र

**उद्देश्य २.९.१: संस्थागत संयन्त्रलाई जनसङ्ख्या व्यवस्थापनमा योगदान दिने गरी सुधार तथा पुनसंरचना गर्ने ।**
**रणनीति २.९.२: जनसङ्ख्या व्यवस्थापन, शिक्षा तथा अनुसन्धानका लागि संस्थागत विकासलाई जोड दिने ।**

| क्र.स. | कार्यक्रम/क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | सूचकहरु | प्रमाणिकरण |
|---|---|---|---|---|---|---|
| १. | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा भएको जनसङ्ख्या महाशाखालाई प्राविधिक सहयोग गर्ने तथा क्षमता विकास गरि थप सुदृढिकरण गर्ने<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अर्न्तगत राष्ट्रिय जनसङ्ख्या अनुसन्धान केन्द्र स्थापना गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, मन्त्रि परिषद | अर्थ मन्त्रालय, गैसस तथा निजी क्षेत्र, | अल्पकालीन | • सुदृढ र सवल जनसङ्ख्या महाशाखा<br>• राष्ट्रिय जनसङ्ख्या अनुसन्धान केन्द्र स्थापना | प्रतिवेदन |
| २. | • जिल्ला जनस्वास्थ्य कार्यालयलाई जिल्ला विकास समिति मातहत काम गर्ने व्यवस्था मिलाउने ।<br>• जिल्ला जनस्वास्थ्य कार्यालयलाई जिल्लाको आधारभूत स्वास्थ्य योजना निर्माणमा जिम्मेवार बनाउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय | | अल्पकालीन निरन्तर | • जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला विकास समितिको स्वास्थ्य योजना निर्माणमा भूमिका | प्रतिवेदन |
| ३. | • राष्ट्रिय योजना आयोगमा राष्ट्रिय जनसङ्ख्या कार्यक्रम संयोजन समितिको स्थापना गर्ने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग | मन्त्रि परिषद | अल्पकालीन निरन्तर | • समितिको स्थापना | प्रतिवेदन |
| ४. | • सार्क स्तरीय जनसङ्ख्या अनुसन्धान केन्द्रको स्थापना गर्ने | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय | अल्पकालीन | • केन्द्रको स्थापना | प्रतिवेदन |
| ५. | • स्वास्थ्य तथा जनसङ्ख्या कार्यक्रमहरुको योजना निर्माण तथा कार्यान्वयनको लागि आमा समूहलाई आधारभूत एकाईको रुपमा परिचालन गर्ने ।<br>• महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवीहरुलाई नगद प्रर्वतक (Cash Incentive) प्रदान गर्ने ।<br>• उपस्वास्थ्य चौकीहरुको व्यवस्थापनको लागि आमा समूहलाई परिचालन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय | स्थानीय निकायहरु, गैसस, नागरिक समाज, निजी क्षेत्रहरु | निरन्तर | • योजना निर्माणमा स्थानीय निकायहरुको सहभागिता | प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • योजना निर्माणमा उपस्वास्थ्य चौकीको जिम्मेवारीलाई विस्तार गर्ने ।<br>• आमा समूह तथा उपस्वास्थ्य चौकीलाई सहयोग गर्न गा. वि.स. को भूमिकामा बृद्धि गर्ने । | | | | | |
| ६. | • ७५ बटै जिल्लामा जनसङ्ख्या सूचना डेस्क(Population Information Desk) को स्थापना गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय विकास मन्त्रालय | सामान्य प्रशासन मन्त्रालय,स्थानीय निकायहरु | निरन्तर | • जनसङ्ख्या सूचना डेस्कको संख्या | प्रतिवेदन |
| ७. | • क्षेत्रीय स्वास्थ्य निर्देशनालयमा जनसङ्ख्या शाखाको स्थापना गर्ने र जनसङ्ख्या का मुद्दाहरुमा तालिम प्रदान गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | | तत्कालीन | • तालिम प्राप्त व्यक्तिहरुको संख्या | प्रतिवेदन |
| ८. | • जनसङ्ख्या व्यवस्थापनमा कार्यरत सवै संस्थाहरुसंग समन्वय गर्न उच्च स्तरीय संस्थागत संयन्त्र (निर्देशक समिति)को निर्माण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | तत्कालीन | • समन्वय समितिको स्थापना | प्रतिवेदन |
| ९. | • जिल्ला जनस्वास्थ्य कार्यालयबाट संचालन भै रहेको स्थानीय स्तरमा जनसङ्ख्या व्यवस्थापन कार्यक्रमलाई सुदृढिकरण तथा बिस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | निरन्तर | • स्थानीय स्तरमा जनसङ्ख्या व्यवस्थापन कार्यक्रमको संख्या | प्रतिवेदन |

**अपेक्षित उपलब्धिहरुः संस्थागत संयन्त्रको विकासले जनसङ्ख्या  व्यवस्थापनमा प्रभावकारी योगदान दिनेछ ।**